
## रङ्गभर




रंग भरको उत्कृष्ट नतिजालाई आगामी अंकमा प्रकाशित गरिनेछ ।




# हाम्रो आँगन

वर्ष ७, अंक २५, श्रावण २०७१

Hamro **Aangan** Vol 25, Jul 2014


**प्रकाशक :**
समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)
पो.ब.नं. २१४३३
फोन नं. ४७८१३८६, ४७८४५४५, ४७८०४४६
फ्याक्स : ४७८१३८६

**सम्पादन मण्डल**
हिमा राई, काठमाडौं
दामोदर कार्की, ललितपुर
रूपा तामाङ, काठमाडौं
निमा तामाङ, भक्तपुर
मञ्जु वि.क., काठमाडौं

**सम्पादन सहयोगी**
कमल चापागाईं
दिवाकर प्याकुरेल

**भाषा तथा शुद्धाशुद्धि**
दिवाकर प्याकुरेल

**व्यवस्थापन सहयोग**
क्षितिज गुरुङ
सुमिता राई

**धन्यवाद**
सिविस कार्यसमिति सदस्य
विष्णु तिमिल्सिना, कार्यकारी टीम लिडर, सिविस


## विषय सूची


| | |
|---|---|
| सम्पादीय | : १ |
| बाल्यकालका कुरा | : २ |
| कविता | : ६, १०, १२, २१, ३४, ३६, ३७ |
| प्रेरक व्यक्तित्व | : ७ |
| विज्ञान | : ९ |
| बालसंरक्षण बहस | : ११ |
| सिर्जनात्मक लेखन सीप | : १३ |
| अकबर बीरबलको कथा | : १४ |
| २५ औँ अङ्क विशेष | : १५ |
| सन्दर्भ : बालक्लब | : २२ |
| सन्दर्भ : विश्वकप फुटबल | : २३ |
| रोचक जानकारी | : २५ |
| गाउँखाने कथा | : २७ |
| निबन्ध | : २८, ३३ |
| जीवनी | : २९ |
| बालक्लब परिचय | : ३१ |
| कथा | : ३४ |
| बालसहभागिता | : ३५ |
| कोठेपद | : ३८ |
| रङ्गभर | : ३९ |

# सम्पादकीय

# निरन्तर यात्रा

विसं. २०६१ जेठमा पहिलो अङ्क प्रकाशन भएको '*हाम्रो आँगन*'ले १० वर्ष र एक महिनाको समय पार गर्दा यसका २५ अङ्क प्रकाशन भएका छन् । यस महत्वपूर्ण अवसरमा '*हाम्रो आँगन*' परिवार सबै पाठक र शुभ चिन्तकहरूमा खुसी बाँड्न चाहन्छ । साथै हामीलाई सधै साथ दिने र विभिन्न किसिमबाट सहयोग गर्ने सबैमा हार्दिक आभार प्रकट गर्दछौँ ।

हुन त '*हाम्रो आँगन*'को प्रकाशन सोचेजस्तो नियमित हुन सकेन । सुरुमा त्रैमासिक रूपमा प्रकाशित पत्रिका नियमित थियो त २५ अङ्क छ वर्षमै पुगिसक्ने थियो । विविध आर्थिक र प्राविधिक कारणले हाम्रो प्रकाशन करिब तीन वर्ष त पूर्णतः बन्द नै भो । तर जब हामी फेरि आयौँ, हामीलाई हाम्रा बालबालिका पाठकको माया उत्तिकै रह्यो । सायद् त्यसै मायाले गर्दा नै हामीले पुनः प्रकाशनको आँट गऱ्यौँ र आजसम्म आउँदा यसलाई सयौँ-सयौँ अङ्कसम्म पुऱ्याउने आशा पलाएको छ ।

हामीले यस अङ्कलाई केही विशेष बनाउने प्रयास गरेका छौँ । २५ अङ्क पूरा गरेको उपलक्ष्यमा हाम्रो आजसम्मको यात्रालाई सम्झने र समीक्षा गर्ने प्रयास गरिएको छ । अन्य विविध जानकारीका क्षेत्रमा पनि '२५' अङ्कलाई विशेष महत्व दिइएको छ । अन्य नियमित स्तम्भ त छँदै नै छन् ।

आजको यस विशेष अवसरमा हामी प्रतिबद्धता व्यक्त गर्न चाहान्छौँ कि हाम्रो यात्रा निरन्तर जारी रहनेछ । आफ्ना स्रोत साधनले भ्याएसम्म हामी हाम्रो पत्रिकालाई अझै राम्रो र परिष्कृत बनाउनेछौँ । तपाईँ बालबालिका साथीहरूलाई काम लाग्ने र मन पर्ने सामग्री खोजीखोजी दिनेछौँ । अनि तपाईँलाई आफ्ना रचना प्रकाशन गर्ने अवसर पनि सकेसम्म बढी उपलब्ध गराउनेछौँ । समग्रमा '*हाम्रो आँगन*'लाई तपाईँहरू सबैको असल साथी बनाउनेछौँ । आशा छ, हाम्रो यो निरन्तर यात्रामा तपाईँहरूले आआफ्नो स्थानबाट साथ दिनु नै हुनेछ ।





# एस्.एल्.सीअघि नै छ हजार किताब सक्दा



*प्रस्तुति : दिवाकर प्याकुरेल*

*प्रतीक ढकाल (वि.सं. २०१६, दागापेला, भुटान) प्रसिद्ध यात्रा साहित्यकार हुनुहुन्छ । अनुवाद, काव्य तथा प्रशासनबारे समेत गरी एक दर्जनभन्दा बढी पुस्तकका लेखक ढकाल विशेषतः नियात्रा लेखनका लागि प्रसिद्ध हुनुहुन्छ । वि.सं. २०६२देखि २०६७सम्म साझा प्रकाशनद्वारा प्रकाशित तथा वितरित पुस्तकहरूमध्ये उहाँको* 'हिमालपारि पुगेपछि'*ले सर्वाधिक बिक्री हुने पुस्तकको रेकर्ड कायम गरेको छ । त्यस बाहेक* 'सेती पनि काली पनि', 'चीनको विचित्र चित्र', 'सगरमाथाको आधारशिविरबाट' *लगायत उहाँका नियात्रा कृतिहरू लोकप्रिय छन् । अझ उहाँका दुई कृतिहरू* 'सेती पनि काली पनि' र 'सगरमाथाको आधारशिविरबाट' *त विश्व कीर्तिमानी आरोही आपा शेर्पा लगायतले सगरमाथा शिखरबाट विमोचन गरेका हुन् । त्यसैले ढकालले सगरमाथा शिखरबाटै पुस्तक विमोचन गराउने विश्वकै पहिलो लेखकका रूपमा मान्यता पाउनुभएको छ । बालबालिकाकै लागि भनेर उहाँले केही गीतहरू लेख्नुभएको छ । ट्राफिक सन्देशबारेको लगायतका उहाँका केही बाल गीत जेम्स स्कुलले एल्बमका रूपमा प्रकाशित गरेको छ । पेसागत रूपमा उहाँ नेपाल सरकार, निजामती सेवामा कार्यरत हुनुहुन्छ । हाल मनोहर बस्ती, काठमाडौँमा बस्दै आउनुभएका ढकालका बाल्यकालका अनुभव यस पटकको 'बालककालका कुरा'मा प्रस्तुत गरिएको छ ।*

मेरो जन्म विसं. २०१६ साल जेठ १३ गते भुटानको दागापेला जिल्लामा भएको हो । बुबा अनन्तप्रसाद ढकाल र आमा पवित्रा ढकालका दुई जना छोरीपछि जेठो छोराका रूपमा म जन्मिएको हुँ ।

त्यति बेला नेपालको पूर्वी पहाडका नेपालीहरूलाई राजनीतिक सीमाको ज्ञान खासै हुन्थेन, खासै आवश्यक पनि थिएन । धेरै नेपालीहरू नेपालको सीमा काटेर भुटान, सिक्किम लगायत म्यानमार/बर्मासम्म पुग्थे र उतै बसोबास सुरु गर्थे । मेरो हजुरबा पनि १३ वर्षको हुँदा ताप्लेजुङ्को हाम्रो गाउँ छाडेर भुटान जानुभएको हो रे । ( हाम्रो त्यस गाउँ भने हाल पाँचथरको अमरपुर गाविसमा पर्छ ।) त्यसै क्रममा मेरा बाको र पछि मेरो पनि जन्म भुटानमा नै भएको हो । हजुरबा ५५ वर्षको भएपछि बल्ल झापा फर्किनुभो । त्यति बेला म चार वर्षको थिएँ । त्यसपछि हाम्रो परिवार निरन्तर बुधबारे, झापामा बसिरहेको छ । म काठमाडौँ बसेपनि मेरा बुबा र भाइहरू अझै पनि झापामै हुनुहुन्छ ।

त्यसैले भुटानमा जन्मे पनि मेरो बाल्यकाल भने सम्पूर्ण रूपमा झापामा नै बितेको हो । त्यति बेला बुधबारे गाविसका नौ वडामा नौ वटा निःशुल्क तथा अनिवार्य प्राथमिक पाठशाला थिए । हाम्रो वडामा रहेको निःशुल्क तथा अनिवार्य प्राथमिक पाठशाला, केन्द्र नम्बर २ जयपुरमा मेरो प्राथमिक तहको पढाइ सुरु भो । कक्षा छका लागि भने म बुद्ध आदर्श हाई स्कुलमा भर्ना भएँ र एसएलसीसम्म नै त्यही पढेँ ।

## स्कुले जीवन

त्यस बेलाको हाम्रो पढाइमा घोक्ने काम नै बढी हुन्थ्यो । गृहकार्य पनि हाम्रो सामान्य क्षमताभनदा बढी नै कठिन हुन्थ्यो । विशेष गरी अङ्ग्रेजी विषयको गृहकार्य गर्न हम्मे नै पर्थ्यो । म सम्झन्छु कि एक पटक हामीलाई भोलिपल्ट आउँदा ६० वटा अङ्ग्रेजी क्रियापदका सबै रूप हिज्जे (स्पेलिङ्) समेत सुनाउन भनिएको थियो । त्यतिबेला मलाई 'फ्लाइ'को पूर्ण पक्ष 'फ्लोन'को स्पेलिङ् नआएर बेन्चमाथि उभ्याइएको थियो । धन्न कुनै पनि साथीले मलाई जिस्काएनन्, किनकि उनीहरू सबैलाई थाहा थियो कि त्यही सजाय पाउने पालो अब तिनीहरूको हो । बरू म उभिएको देखेर उनीहरू पनि डराए । त्यो घटना मेरो स्कुले जीवनको पहिलो र अन्तिम सजाय भयो ।

सामान्यतः म पढाइमा राम्रै थिएँ । कक्षामा प्रायः पहिलो र कहिलेकाँहि दोस्रो र तेस्रोसम्म हुन्थेँ । पढाइका विषयमा बीज गणित (अल्जेब्रा) अरू विषयभन्दा गाह्रो लाग्थ्यो । अङ्ग्रेजी त गाह्रो लागेजस्तो कहिल्यै भएन । तर अचम्मको कुरा के भने घरमा कहिल्यै पनि अङ्ग्रेजीको पाठ्यपुस्तक खोलेर पढ्न मन लागेन ।



## साहित्यतिरको आकर्षण

सायद् विसं. २०२३मा होला, शिशु कक्षाबाट पास हुँदा म प्रथम भएँ । प्रथम भए बापत कक्षा फड्केर मैले एक्कै चोटि दुई कक्षा चढ्न पाउने त भएँ नै, पुरस्कारका रूपमा एक पोको किताब पनि पाएँ । त्यस पोकोभित्र अरू किताबसँगै '*आजको दुनियाँ*' शीर्षकको एक कथाको किताब पनि रहेको मलाई सम्झना छ । मैले त्यस बेलासम्म स्कुलमा पढाइ हुने पाठ्यक्रमका किताब र घरमा रहेका धार्मिक ग्रन्थ बाहेक अन्य पुस्तक देखेकै थिइँन । पाठ्यक्रम र धर्मकर्म बाहेक अरू पनि किताब हुँदा रहेछन् भनेर पनि मैले त्यसै बेला थाहा पाएँ । त्यसै घटनाले मलाई पाठ्यक्रमभन्दा बाहेकका किताब पढ्नलाई आकर्षण गऱ्यो, जुन मेरो आजसम्मको दैनिकीको अभिन्न अङ्ग हो । अचेल पनि म नाम चलेका र नचलेका लेखकका नाम चलेका र नचलेका किताब मन परे भने सबै नै पढ्छु ।

त्यति बेला नै हाम्रो गाउँमा नवज्योति पुस्तकालय नामको एक पुस्तकालय थियो । बुझ्नु नबुझ्नु आफ्नो ठाउँमा छ, मैले त्यस पुस्तकालयका किताब निरन्तर पढ्ने बानी बसालेँ । एस्एल्सी परीक्षा दिनु अगाडिसम्म त त्यस पुस्तकालयका करिब सबै किताब नै मैले सायद् पढिसकेथेँ । बानीले त होला नि विषयवस्तुको सामान्य ज्ञान समेत नभएको '*नेपाली मुद्रा शास्त्र*'जस्तो प्राविधिक किताब पनि मैले पढेँ पढ्नका लागि । अधिकांश नेपालीका र केही अङ्ग्रेजीका गरी झन्डै छ हजार जति किताब पढेँ होला मैले त्यस पुस्तकालयबाट ।

मैले सानै हुँदा नै सुनेको थिएँ कि अमेरिकाका पूर्व राष्ट्रपति अब्राहम लिङ्कन धेरै नै पुस्तक पढ्थे । त्यस कुराले मेरो मनमा सफल र ठुलो मान्छे बन्न सकेसम्म धेरै नै पढ्नुपर्ने रहेछ भन्ने पऱ्यो । त्यसैले त्यस बेलाका मेरा कक्षाका साथीहरू राधा बाँस्तोला (पूर्व मन्त्री चक्रप्रसाद बाँस्तोलाकी बहिनी) र सुरेश ढकाल लगायतका साथीहरूका घरमा रहेका किताब पनि दिनहुँ मागीमागी पढ्थेँ म ।

## लेखनको सुरूवात

पढ्ने बानीले लेख्ने बानी पनि लगाउने रहेछ । कक्षा ६मा पढ्दा '*लालीगुराँस*' शीर्षक राखेर एक कविता सङ्ग्रहको पाण्डुलीपि नै तयार पारेको थिएँ । हुन त त्यो सङ्ग्रह प्रकाशित त भएन तर पछि विश्लेषण गर्दा पत्ता लगाएँ कि थाहा नपाएरै पनि धेरै कविता छन्दमा लेखिएछन् त्यस बेला । मेरो पहिलो प्रकाशित रचना भने विसं. २०२८ सालमा प्रकाशित 'धार' कविता हो । झापाको '*सूर्योदय*' नामको एक पत्रिकामा नेपाली जातिको अस्तित्वको आधार खुकुरीको धार हो भन्ने भावना समेटिएको एक कविता प्रकाशित भएको थियो । एक हिसाबले सायद् पहिचानको खोजी रहेछ क्यारे त्यो कविता । कवितासँगको त्यो आकर्षणलाई मैले उच्च शिक्षाका क्रममा साहित्यभन्दा बिल्कुल फरक विषय पढ्दा पनि कायमै राखेँ । रसायन विज्ञानका कति पाठलाई कविता बनाएर घोकेको मलाई अझै याद छ ।

## चौतर्फी चासो

पढाइ मात्र होइन, मेरो चासो अरू विषयमा पनि थियो । म राम्रो फुटबल खेलाडी पनि थिएँ । स्कुलको फुटबल टिमको एक सदस्य थिएँ । कुनै जिल्ला स्तरीय फुटबल प्रतियोगिता खेल्नका लागि स्कुलबाट जिल्ला सदरमुकामसम्म पुगेको छु म । त्यति बेला यस्ता खेलकुद प्रतियोगिता सङ्ख्यामा कम नै हुन्थे, तर भएका कार्यक्रमले एकदमै महत्व र आकर्षण पाउँथे । फुटबल खेलाइ पनि अहिलेको भन्दा त केही फरक नै थियो । सायदै कुनै टोलीमा प्रशिक्षक (कोच) हुन्थे । अतिरिक्त खेलाडी पनि कुनै टोलीमा हुँदैनथेँ । अर्थात् सबै फुटबल टिममा ११ जना मात्र हुन्थे ।

हामी साथीहरूबीच भने दिनहुँजसो फुटबल आदि खेल भइरहन्थेँ । बजारमा न त बल किन्न पाइन्थे, न त हामीसँग पुग्दो पैसा नै हुन्थ्यो । कसैले कसैको मोजा चोरेर ल्यायो भने न खुसी भएर बल बनाएर खेल्ने हो । हुन त त्यो समय त्यो गाउँठाउँमा मोजा लगाउने चलन नै कति मानिसमा थियो र !

साथै, हामीले त त्यसै बेला पनि क्रिकेट खेल्न पायौँ । गोपीकृष्ण निरौला भन्ने एक व्यक्तित्वले हामीलाई धान काटेपछि खालि भएको खेतमा क्रिकेट खेलाउनुहुन्थ्यो । सबै नियम त हामीले के जान्नु र, चौका छक्का अनि कति रन भयो भन्ने आदि बुझ्थ्यौँ ।

खेलकुद त भयो नै, हाजिरजवाफ, वक्तृत्वकला प्रतियोगिता जस्ता बौद्धिक अभ्यासका क्रियाकलापमा पनि म पछि हट्दिनथेँ । विसं. २०३२मा भएको एक जिल्ला स्तरीय प्रतियोगितामा म झापा जिल्ला प्रथम भएँ । (हुन त त्यसको १० वर्षपछि युवाका रूपमा विसं. २०४२को राष्ट्रव्यापी खुला वक्तृत्वकला प्रतियोगितामा पनि मैले स्वर्ण पदक जितेँ ।) खेलकुदमा चासो यति धेरै बस्यो कि आज पनि फेरि बालक बन्न पाएँ भने फुटबलसँगै अरू खेलमा आफूलाई पोख्त बनाउँथेँ जस्तो लाग्छ ।

## चाडपर्वमा चलाखी

अचेलका बालबालिकालाई चाडपर्वको खासै अर्थ हुँदैन । तर त्यस बेला यस्ता अवसरको छुट्टै महत्व हुन्थ्यो । हामीलाई मिठो खान र राम्रो लाउन दसैँ नै आउनुपर्थ्यो । दसैँ कुन दिन भन्ने थाहा पाइसकेपछि कहिले स्कुल बिदा होला र घरका लागि पनि घाँसपातको जोहो गरेर साथीहरूसँग रमाइलो समय बिताउन पाइएला भन्ने हतार हुन्थ्यो । जस्तो : गाईबस्तुका लागि घाँस काट्ने जिम्मा आफ्नो हो भने दसैँभन्दा एक दुई हप्ता अगाडिदेखि नै दिनुहँ केही मुठा घाँस बढी काटेर कतै लुकाएर जम्मा गरेर राख्थ्यौँ, ता कि दसैँका बेला त्यो घाँस प्रयोग गर्न पाइयोस् र हामी फेरि घाँस काट्न जानु नपरोस् ।

दुई जना दिदी र म मिलेर घर व्यवहार सम्हाल्नुपर्थ्यो । नौ वर्षको उमेरमा आमा बित्नुभएपछि पारिवारिक भार झनै बढेको थियो । त्यसपछि बुवाले दोस्रो बिहे गरेपछि जन्मिएका भाइ बहिनीबीच त उमेरको अन्तर धेरै नै भयो ।

## साथी सङ्गत

मेरो मिल्ने साथीहरूमा स्कुलकै सोमनाथ कँडुवाल अदि थिए । हाम्रो घर पनि एउटै टोल अनि स्कुलमा पनि एउटै कक्षाका भएकाले धेरैजसो समय सँगै नै हुन्थ्यौँ । हामी सँगै पढ्थ्यौँ, सँगै गुच्चा खेल्थ्यौँ । सायद् पाठ्यक्रम बाहेकका अरू किताब पढेर पनि होला हामीले चोरी लगायत उट्पट्याङ् काम भने गरेनौँ । त्यसैले मसँग चोरी, बदमासी आदि घटनाका संस्मरण उल्लेख्य छैनन् ।

त्यति हुँदाहुँदै पनि एक पटक भने पैसा चोरेको सम्झना छ । आमा बितिसक्नुभएको थियो । सायद् सहजै पैसा माग्ने मानिस कोही पनि भएन । हामीलाई भने स्कुल जाँदा आउँदा केके खान मन लाग्थ्यो होला । त्यसैले भुटानबाट आउनुभएको एक जना पाहुनाको १० भारतीय रूपैयाँ चोरेको थिएँ । पछि प्रहरी हवल्दार रहनुभएका मेरा काकाले मलाई पिट्नुभयो नि पत्ता लागेपछि ।

आज त हाम्रो समाजमा कति विभेद छ भने त्यति बेला त कस्तो होला । आफ्ना साथी कुन

जातका, कुन थरका भन्ने परिवारमा खुब चासो हुन्थ्यो । तर विसं. २०२८ सालमा मैले ठुलो साहस गरेर दलित भनिएका साथीलाई पनि घरभित्र आफ्नो कोठामा लगेर राखेँ । घर र छरछिमेकका अरूलाई यो काम पटक्कै मन परेन । तर पनि मैले मतलब गरिँन ।

## सुखदुःखका सम्झना

वर्षेपिच्छे परीक्षाको नतिजा आएपछि पुरस्कार पाउँदा खुबै रमाइलो हुन्थ्यो । प्रायः पहिलो, अन्यथा दोस्रो वा तेस्रो हुने भएर पुरस्कार कुनै वर्ष पनि टुटेन । अझ कक्षा छ पछाडि त मलाई कापी किताब किन्नै परेन । सबै पुरस्कारले नै पुग्यो । अर्कातिर स्कुलको शुल्कमा पनि सधैं छुट पाएँ । मलाई त सधैँ नै दसैं आएजस्तो पो भयो त, एक हिसाबले !

अहिले सम्झँदा, बाल्यकालको सबभन्दा दुःखद् घटना चाँहि आमा बित्नुहुँदाको क्षण हो । म नौ वर्षको थिएँ र त्यस्तै दुई-तीन कति कक्षा पढ्थेँ । सबैले 'मर्नुभो', 'मर्नुभो' भने तर आफूलाई मर्नु भनेको के हो भन्नेसम्म नि थाहा भएन । त्यसको अर्थ आमा अब कहिल्यै फर्कनुहुन्न भने कसरी बुझ्नु र मैले ? त्यसैले आमाको शरीरलाई चितामा जलाएपछि भने झनै धेरै पीडा भयो । अब आमा फर्किएर आउनुहुन्न भन्ने लाग्यो ।

## रोल मोडलको अभाव

त्यति बेलाको गाउँको परिवेशमा शिक्षित मानिस खासै थिएनन् तर आफूलाई भने पढाइ लेखाइमा नै बढी चासो थियो । त्यसैले आफू पनि पछि त्यस्तै बन्छु भनेर पछ्याउन लायकको कुनै व्यक्ति आफू वरिपरि नै त भेटिन । देवेन्द्र अधिकारी नामका एक शिक्षक हुनुहुन्थ्यो । उहाँ मलाई असाध्यै मन पर्थ्यो, किनकि उहाँले बडो मजाले कथा सुनाउनुहुन्थ्यो हामीलाई । तर पनि उहाँले धेरै पढ्नुभएको छैन भन्ने पनि हामीलाई थाहा थियो । उहाँजस्तै अरू कति शिक्षकले त हामीसँगै एसएलसी दिनुभएको थियो ।

अधिकारी सरजस्तै पुरुषोत्तम सिग्देल, जयनारायण न्यौपाने लगायतका शिक्षकहरूले पनि हामीलाई राम्राराम्रा नीतिकथा राम्रोसँग सुनाउनुहुन्थ्यो । त्यसैले उहाँहरू नै मेरा लागि एक किसिमले रोल मोडल हुनुभयो ।

यसभन्दा बाहेकका बढी प्रभावशाली रोल मोडल भने मैले नदेखेका संसारका मानिस हुन्थे । धर्मराज थापाको 'हाम्रो तेन्जिङ् शेर्पाले...' गीत सुनेका भरमा सगरमाथाका पहिलो आरोही तेन्जिङ् नोर्गे शेर्पा मेरा रोल मोडल भए । उनीहरूका सङ्घर्ष र सफलता पढेका भरमा अमेरिकाका अब्राहम लिङ्कन, अश्वेत अधिकारकर्मी नेता बुकर टी वासिङ्टन जस्ता व्यक्ति पनि मेरो प्रेरक व्यक्तित्व भए ।

## बाल अधिकार

सायद् त्यति बेलासम्म बाल अधिकार भन्ने शब्द नै बनिसकेको थिएन होला । अधिकार प्राप्तिका हिसाबमा भने हामीले केही पाएका थियौँ भने केही थिएनौँ । हामी नमानी नमानी खेल्न त खेल्थ्यौँ, तर अभिभावकमा खेल्नु भने नपढ्नु र बिग्रनु हो भन्ने मान्यता थियो । त्यसैले खेलकुदका क्रियाकलापमा घर परिवारबाट खासै प्रोत्साहन हुँदैनथ्यो ।

मेरो बुवा अलिक झोकी हुनुहुन्थ्यो भने आमा बढी नरम । सानातिना गल्तीमा पनि बुवाको गाली खाने डर हुन्थ्यो । त्यस अवस्थामा म आमाको शरणमा पुग्थेँ । यस हिसाबले मेरो बाल अधिकारको प्रथम संरक्षक मेरी आमा हुनुभयो । म मात्र होइन, हाम्रो समयका प्रत्येक घरका आमाहरू बाल अधिकारका संरक्षक थिए । हुन त अलिअलि हाम्रो शिक्षा प्रणालीकै पनि दोष हो कि बालबालिकाहरूलाई निश्चित उमेरपछि तर्साएर हुर्काउनुपर्छ भन्ने भावना थियो अभिभावकहरूसँग । आमाहरू केही नरम हुनुहुन्थेन भने केटाकेटीलाई हुर्काउन गाह्रै हुन्थ्यो त्यो समय !

## अचेलका बालबालिका

हाम्रो देशका अचेलका बालबालिकाको अवस्था ठाउँ अनुसार फरक फरक छ । सहरी क्षेत्रका कतिपय बालबालिकामा अनाज्ञाकारिता र जिद्दीपना बढेको देख्छु म । हुन त यसमा पनि बालबालिकाभन्दा अभिभावककै बढी दोष होला । आमाबाबुले समय दिन नसकेकाले यसो भएको होला । गाउँतिरका बालबालिकाको भने अवस्था





फरक छ । म धेरै हिमाली गाउँहरू घुमिरहेको हुन्छु । हिमाली क्षेत्रका कति बालबालिका स्कुल नगएर घरै बसेको देख्छु । अझ कति त पढाउनलाई पैसा हालिदिने मानिसहरू कुरेर बसिरहेका हुन्छन् । विदेशीले बनाइदिएका ठुला स्कुले भवन त छन्, तर त्यहाँ पढ्ने विद्यार्थी नै छैनन् । सायद् यसमा स्वयं बालबालिकाका अभिभावक, बाल अधिकारका लागि काम गर्ने संस्था र सरकारको ध्यान नै पुगेको छैन । पर्वतारोहणमा सहयोग गरेर राज्यलाई हरेक वर्ष हजारौँ डलर उपलब्ध गराउने शेर्पा समुदायका बालबालिकालाई राज्यले विशेष ध्यान दिनुपर्ने आवश्यकता छ ।

आजका बालबालिका कस्ता बनून् भनेर कामना गर्न सकिने अवस्था नै छैन अहिले त । हामीजस्ता बनून् भनेर भन्न मिल्दैन किनकि आजको युगमा उनीहरू हामीभन्दा धेरै अगाडि बढ्नुपर्नेछ । त्यसका लागि उनीहरूले हामीले नसोचेका, नजानेका काम गर्नुपर्छ । त्यसैले यस्तो होस् भनेर हामी कामना गर्न सक्दैनौँ नि । फेसन डिजाइनिङ्जस्ता हाम्रा पालामा कल्पनै नगरिएका विषय विश्वविद्यालयमा पढाइ भइरहेका छन् । के थाहा आजका बालबालिकाले समुद्रमा खेती गर्छन् कि ! त्यसैले यति मात्र कामना गरौँ कि जे गरून्, राम्रैसँग गरून् र अद्भूत प्रगति गरून् ।

आजका बालबालिकालाई जान्ने हुनू तर अभिमानी नहुनू भन्न चाहन्छु । फलेको हाँगो त सधैं नै झुक्नुपर्छ । अबको जमानामा कुनै पनि क्षेत्रमा औसत भएर मात्र कामै छैन । सफल हुनलाई औसत भएर हुँदैन । औसतभन्दा राम्रो हुनुपर्छ ।

हाम्रो मुलुकको एक महत्वपूर्ण पहिचान हिमाल हो भनेर आजका बालबालिकाले बुझ्नुपर्छ । हालसम्म संसारमा नेपालका सीमित पहिचान छन्, सगरमाथा लगायतका हिमाल र गौतम बुद्ध, जो प्रकृतिले दिए । कर्मका आधारमा गोर्खा सैनिक र शेर्पा जाति मार्फत् पनि हामीले पहिचान त स्थापना गरेका छौँ, तर जे भए पनि हिमाललाई छुटाउन सकिने अवस्था छैन । त्यसैले किताबमा नभए पनि नेपाली बालबालिकाले हिमाललाई पढ्नुपर्छ ।

७ असार २०७०

*diwapyak@gmail.com*

# आफ्नै गाउँ जान्छु



हरियो डाँडा फुलेका फूल त्यै गाउँ राम्रो हो
सुसेल्दै हिँड्ने बिहानीपख त्यै ठाउँ राम्रो हो
सिंगारी खेल्छन् तारे र माले देउराली पाखामा
साउनको झरी भेल बनी आउने त्यै गाउँ हाम्रो हो

सुनौला किरण भदौरे मासमा टलक्कै पाखामा
न्याउली गीत गाउँदै हिड्छे सुरिलो भाखामा
बिसाउँछन् भारी तोक्माको भरमा छेऊ पाखा नियाल्दै
मलाई राम्रो लाग्छ नि सधैँ आमाको काखमा

सेताम्मे हिउँ क्या राम्रो हेर्दा बयेली खेलेको
झरनाको गीत गुञ्जिन्छ उस्तै स्वरैले गाएको
सुनचरी उड्छे यता र उता गुँडमा बस्दछे
फर्किन्छु गाउँ साथीभाई सम्झी आमाले बोलाको

*सर्मिला के.सी., कक्षा ९*

# अङ सान सू की : लोकतन्त्रको एक निरन्तर लडाइँ



दिवाकर प्याकुरेल

*गत महिना मात्र नेपालमा एक विशिष्ट विदेशी पाहुना आएर नेपाली लोकतन्त्रको प्रशंसा गरेर गइन् । तपाईँहरूले कत्तिको याद गर्नुभयो कुन्नि, यी विदेशी पाहुनाले आफ्नो देशमा लोकतन्त्र प्रवर्द्धनका लागि काम गर्न आफूले नेपाल र नेपालीबाट प्रेरणा पाएको समेत बताइन् । नेपालीबाट प्रेरणा पाएको बताएर हामीलाई फुर्काइदिएकी म्यानमार (बर्मा)की प्रजातन्त्रवादी नेतृ अङ सान सू कीको जीवनी पनि कम प्रेरणादायी कहाँ छ र ?*

बर्मेली प्रजातन्त्रवादी नेतृ अङ सान सू कीको जन्म सन् १९४५ जुन १९मा म्यानमारको याङ्गोन -तत्कालीन रङ्गोन)मा भएको थियो । प्रजातान्त्रिक आन्दोलनमा सक्रिय पिता अङ सानको सन् १९४७मा हत्या हुँदा सू की दुई वर्षकी मात्र थिइन् । बेलायती साम्राज्यबाट बर्मालाई छुटाउने आन्दोलनको सफल नेतृत्व गरिरहेका सानको विपक्षीद्वारा हत्या भएको थियो । त्यसपछि, सू कीलाई हुर्काउने जिम्मा प्रजातान्त्रिक आन्दोलन, राजनीति र कुटनीतिक सेवामा सक्रिय आमा आमा खिन कीले पाइन् । आमाले बर्मेली राजदूत भएर विभिन्न देशमा सेवा गर्दा सू कीले आफ्नो जीवनको प्रारम्भिक चरणमै नेपाल, भारत र बेलायतको भ्रमण पनि गरिन् । यसरी आमा खिन कीले सू कीलाई हुर्काइनन् मात्र, आफ्नो देशको जनताको सर्वोत्तम हितका लागि जीवन समर्पण गर्न प्रेरणा पनि दिइन् ।

तर म्यानमारमा प्रजातन्त्रका लागि सङ्घर्ष गर्नु कसैका लागि पनि सजिलो काम थिएन । केही वर्ष बेलायत लगायतका देशमा बसेपछि सन् १९८८मा सू की स्वदेश फर्किन् आफ्नी बिरामी आमाको हेरविचारका लागि । बर्मामा यु ने विनको निरङ्कुश शासन थियो । सन् १९६२मा शासन आफ्नो हातमा लिएका विनले सन् १९८८मै राजीनामा त दिएका दिए तर सू की स्वदेश आउँदा सैनिक शासन सुरू भएको थियो भने विनको शक्तिको प्रभाव पनि कम थिएन । आफ्ना शासन विरूद्ध आन्दोलन गर्ने दर्जनौँलाई सैनिक सत्ताले दिनहुँ हत्या गरिरहेको थियो । त्यस परिवेशमा सू कीले लोकतन्त्र र मानव अधिकारको माग गर्दै एक अहिंसात्मक आन्दोलन सुरू गरिन् ।

उनको आन्दोलनले बृहत् रूप लिँदै जाँदा सरकार डराउँदै गयो र एक वर्षपछि नै उनीमाथि नजरबन्दी लगायो । त्यसपछिका करिब दुई दशक सू कीले बन्दी जीवन बिताइन् । संयुक्त राष्ट्रसङ्घ समेत अन्तर्राष्ट्रिय समुदायको पहलमा बीचमा केही फुकुवा भएको उनको नजरबन्दी सन् २०१०को नोभेम्बरसम्म जारी थियो ।

यसबीचमा सैनिक सरकारले प्रजातान्त्रिक हक अधिकार खोस्दै गयो । सन् १९९०मा यसले एक निर्वाचन गरायो, जसमा सू कीको नेसनल लिग फर डेमोक्रेसी पार्टीले करिब ६० प्रतिशत मत ल्यायो, जसले संसद्मा पार्टीलाई ८० प्रतिशतभन्दा





बढी सिट दिन्थ्यो । तर त्यस निर्वाचन परिणामलाई कुनै सैनिक सरकारले कुनै वास्ता गरेन, बरू केही वर्षपछि निर्वाचन परिणामलाई खारेज गरेको घोषणा गरिदियो । विभिन्न रूपमा सैनिक सरकार प्रजातन्त्र विरूद्ध अघि बढिरह्यो भने सू की र उनको दल सैनिक शासनका विरूद्ध निरन्तर लागिरहे । सू कीको सङ्घर्षलाई सम्मान गर्दै उनलाई सन् १९९१को नोबेल शान्ति पुरस्कार दिइयो ।

सन् २००९मा सू कीको नजरबन्दी सकिनै लाग्दा उनलाई एक अमेरिकीलाई आफ्नो घरमा बस्न दिएको आरोप लगाएर पुनः कारबाहीको दायरामा ल्याइयो । यस बापत अदालतले उनलाई सुरुमा तीन वर्ष र पछि घटाएर डेढ वर्षको कारावास सुनायो । तर विश्लेषकहरूका अनुसार, यो केवल अर्को वर्षका लागि घोषणा गरिएको आम निर्वाचनमा सू कीलाई भाग लिन नदिने एक षड्यन्त्र मात्र थियो । सैनिक सरकारले ल्याएका निर्वाचन समबन्धी कानुन पनि विभिन्न बहानामा सू कीका विरूद्ध बनाइएका कुरा पछि पुष्टि हुँदै गए । त्यस्तो एक कानुनका अनुसार विदेशीसँग विवाह गरेको कोही पनि सरकारी पदमा रहन पाउँदैन, जुन स्पष्टतः सू कीप्रति लक्ष्यित थियो (सन् १९९९मा निधन भइसकेका सू कीका पति माइकल एरिस बेलायती थिए) । फलतः सू कीको नेसनल लिग फर डेमोक्रेसीले सन् २०१०को चुनाव बहिष्कार गर्‍यो । सत्ता समर्थक पार्टीहरूले मात्र त्यस चुनावमा भाग लिए । यद्यपि चुनावको छ दिनपछि सरकारले सू कीलाई रिहा गर्‍यो ।



त्यसको एक वर्षपछि सरकारमा गएका केही व्यक्तिले खाली गरेका संसदीय सिटमा उप चुनाव हुने भयो । उनको पार्टीले निर्वाचन लड्ने निर्णय गर्‍यो । उप निर्वाचन भयो र सू कीको पार्टीले ४५मध्ये ४३ सिट जित्यो । सू कीले पनि जितिन् । सन् २०१२ मेमा सू कीले संसद् सदस्यको सपथ लिइन् । हाल बर्मेली संसद्को विपक्षी दलकी नेतृका रूपमा उनले प्रजातन्त्र र मानव अधिकारका लागि आवाज उठाइरहेकी छिन् ।

विश्व प्रसिद्ध समाचार संस्था बिबिसीले सू कीलाई यसै वर्ष बितेका दक्षिण अमेरिकी नेता नेल्सन मन्डेलासँग तुलना गरेको छ । बुद्ध दर्शन, अमेरिकी नागरिक अधिकारकर्मी मार्टिन लुथर किङ र भारतीय अहिंसावादी नेता महात्मा गान्धीका विचारबाट समेत प्रभावित भएर सू कीले सैनिक सरकारको चरम दमनका अगाडि प्रजातन्त्र र मानव अधिकारका लागि आफ्नो शान्तिपूर्ण सङ्घर्ष जारी राखेकी छिन् ।

उनलाई नोबेल शान्तिका अतिरिक्त अन्य विश्व प्रसिद्ध पुरस्कारहरूबाट सम्मानित गरिएको छ । गत महिनाको नेपाल भ्रमणमा समेत उनलाई नेपाल सरकारले डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार प्रदान गरेको छ ।

*फोर्बस्* नामको चर्चित अन्तर्राष्ट्रिय पत्रिकाले सन् २०१४का सर्वाधिक शक्तिशाली महिलाको सूचीमा सू कीलाई ६१औँ स्थानमा राखेको छ । सू कीले सन् २०१५मा हुने म्यानमारको राष्ट्रपतीय निर्वाचन लड्न चाहेको पनि बताएको छ ।

सू कीलाई विश्व समुदायले एक निडर राजनीतिकर्मीका रूपमा चिनेको छ । "डर केही होइन, मात्र बानी हो र म डराएकी छैन" भन्ने सू कीको भनाइ विश्व राजनीतिमा चर्चित छ । साथै उनले आफ्नो एक भाषणमा भनेकी छिन्, "मान्छेलाई सत्ता होइन कि डरले भ्रष्ट बनाउँछ । सत्ता र शक्ति साँचेर राख्नेलाई सत्ता गुमाउने डर र सत्ताबाट शासितलाई सत्ताको पीडाको डरले भ्रष्ट बनाउँछ ।" सू की निडर छिन्, र त भ्रष्टताबाट टाढै छिन् । उनको जारी सङ्घर्षले म्यानमारमा लोकतन्त्र पुनर्स्थापना गर्न र अझ सशक्त बनाउन महत्वपूर्ण योगदान पुर्‍याउने कुरामा निःसन्देह विश्वास गर्न सकिन्छ । अनि त, सू कीको प्रेरणादायी व्यक्तित्व अझ फैलनेछ ।

(विकिपेडिया डट ओआरजी, बिबिसी डट कम, बायोग्राफी डट कम लगायतका विभिन्न वेब्साइटहरूको सहयोगमा ।)
१५ असार २०७०

diwapyak@gmail.com



# हवाई जहाज कसरी उड्छ ?

विज्ञान र प्रविधिका कुनै सिद्धान्तका बारेमा अध्ययन गर्दा त्यसमा अन्तरनिहित भौतिक गतिविधिलाई ख्याल गर्ने हो भने हामी सही निष्कर्षमा पुग्न सक्छौँ । त्यसो त विज्ञानका हरेक सिद्धान्तहरू भौतिक गतिविधिका "किन" र "कसरी" भन्ने प्रश्नको उत्तरबाट निस्किएका छन् । उदाहरणका लागि, न्युटनले व्याख्या गरेको गुरुत्वाकर्षण सम्बन्धी नियम, स्याउको बोटबाट फल तल खस्दै गर्दाको दृश्यको "किन" र "कसरी" भन्ने चिन्तनबाट विकसित भएको भन्ने भनाइ छ । त्यसै गरी अन्य वैज्ञानिक आविष्कारहरू पनि प्राकृतिक घटना वा प्रक्रियाको मानवले गरेको नक्कलका रूपमा रहेका छन् । उदाहरणका लागि, माछाले पौडिएको दृश्यबाट र माछाको चाल सम्बन्धी भौतिक अध्ययनबाट पन्डुब्बी जहाज बनेको हुन सक्छ भने चराको उडाइबाट हवाई जहाज बनेको हुन सक्छ ।

आउनुहोस् भाइबहिनीहरू, यस अङ्कमा हामी हवाई जहाजको चाल सम्बन्धी वैज्ञानिक तथ्यका बारेमा चर्चा गरौँ । आशा छ, यो चर्चाले तपाईँहरूलाई तपाईँहरूले अध्ययन गरेका वैज्ञानिक सिद्धान्तहरूले कहाँ र कसरी काम गरिरहेका छन् भनी चिन्तन गर्न उत्प्रेरणा प्रदान गर्नेछ ।

माथि उल्लेख गरिएका वैज्ञानिक न्युटनबाट नै कुरा सुरु गरौँ । तपाईँहरूले न्युटनको चाल सम्बन्धी तेस्रो नियम पढ्नु नै भएको छ होला । हेर्नुस् है त, परीक्षा र नम्बरभन्दा पर गएर यो सिद्धान्तले कसरी काम गरेको हुँदो रहेछ । यस सिद्धान्त अनुसार हरेक क्रियाको बराबर तर विपरीत प्रतिक्रिया हुन्छ । अर्थात् यदि कुनै वस्तुलाई हामीले ठेल्यौँ भने उक्त वस्तुले पनि हामीलाई उतिकै बल लगाएर ठेलिरहेको हुन्छ । हो, यत्ति नै हो सैद्धान्तिक पक्ष ।

हेर्नुस् त, विज्ञानको कक्षामा पाँच कक्षादेखि नै अध्ययन गरेको यो सिद्धान्तले विश्वमा कत्रो परिवर्तन ल्याउँदो रहेछ ? अब तपाईँहरूको मनमा उठ्ने प्रश्न "के यति सैद्धान्तिक पक्ष नै काफी छ त ?" भन्ने हुन सक्छ । अवश्य नै छैन । यो त आधारभूत कुरा मात्र भयो । मानिसले त्यसपछि चराको अध्ययन गरे । यसको शारीरिक बनोटका बारेमा, आकारका बारेमा र शारीरिक गतिविधिका बारेमा अध्ययन गरे, जसले चरालाई उड्नका लागि मद्दत गरे ।

चरामा त्यस्तो के विशेषता पाइयो त ? एक छिन चर्चा गरौँ ।

चराको अगाडिको भाग चुच्चो हुन्छ । यसले उड्दा आउने हावाको अवरोधलाई चिर्न सहयोग गर्छ । उड्ने क्रममा चराले आफ्ना शरीरका अङ्गहरूलाई सकेसम्म खुम्च्याएर भित्र पसाउँछ । यसले हावाको अवरोधलाई छिचोल्न थप मद्दत गर्छ । यसको हड्डीभित्र हावा भरिएको हुन्छ । यसले उसलाई उड्न मद्दत गर्छ । यी अवलोकनबाट के निष्कर्ष निस्किए र त्यसलाई हवाई जहाजको निर्माणमा कसरी प्रयोग गरिए त ?





क) कुनै पनि उड्ने यन्त्र वायु (हावा)को प्रतिरोध झेल्न सक्ने हुन पर्छ । यो निष्कर्षबाट हवाई जहाजको अघिल्लो भागको चुच्चो बन्यो ।

ख) उड्ने यन्त्र हलुका हुनुपर्छ । यसले गर्दा हवाई जहाजको बनावटका लागि फाइवरजस्ता हलुका सामग्रीको प्रयोग गरियो ।

ग) शरीरलाई धकेल्नका लागि पखेटा वा शक्ति चाहिन्छ । यहि निष्कर्षका आधारमा इन्जिनको प्रयोग गरियो ।


जब इन्जिन सञ्चालनमा आउँछ, यसले इन्धन बलेको हावालाई उच्च चापमा पछाडि फाल्छ । यसले हवाई जहाजमा अगाडिपट्टि धकेलिनका लागि ठुलो दबाब सृजना गर्छ र हवाई जहाज अगाडि बढ्छ । हेर्नुहोस् त, न्युटनको चाल सम्बन्धी तेस्रो नियमको कमाल !

त्यस्तै गरी, वर्नली भन्ने वैज्ञानिकले कुनै पनि वस्तुको गति र उक्त वस्तुमा लाग्ने चापको बारेमा व्याख्या गरे । त्यस अनुरूप कुनै वस्तु पनि हावा अथवा यस्तै माध्यममा गतिमा रहँदा उक्त माध्यमको गति र उक्त माध्यमले गतिमा रहेको वस्तुमा लगाउने चाप अथवा दबावको बीचमा विपरीत सम्बन्ध हुन्छ । अर्थात्, एउटाको मान बढ्दा अर्को घट्छ । यो सिद्धान्तलाई उपयोग गर्दै विमानको आकार यसरी बनाइएको हुन्छ कि यसको माथिल्लो भागमा हावाको गति बढी हुन्छ र त चाप कम हुन्छ । माथिल्लो भागमा चाप कम भएका कारणले जहाजको तल्लो भागबाट हावाले उच्च दबाब दिन्छ र जहाज हावामा अडिएर सजिलै उड्न सक्छ ।

भाइबहिनीहरू, हामीले पनि यसै गरी प्राकृतिक र भौतिक घटनाहरालाई गहिरिएर अवलोकन गर्ने र अध्ययन गरिएका विज्ञानका सिद्धान्तहरूले व्यवहारमा कसरी काम गर्छन् भन्ने चिन्तन गर्ने हो भने हामी पनि यस्तै नयाँनयाँ आविष्कार गर्न सक्छौँ । थाहा छ नि तपाईँहरूलाई, विज्ञान "सिद्धान्त कम र व्यवहार, अध्ययन र अवलोकन बढी हो" भन्ने कुरा ? अनि आजैदेखि किन अभ्यास नगर्ने त ?

■

# नेपालको धन



प्रकृतिले दिएकी छन् हजारौँ जडिबुटी
छिमेकीले रजाइँ गर्छन् त्यसलाई लुटिलुटी
परदेशीलाई रजाइँ भयो नेपालको धन
जडिबुटी चोरी हुँदा रोएको छ मन ।

तराइको खेती हाम्रो पहाडको बास
हिमालको जडिबुटी सबै गर्छन् आश
संरक्षणको अभावमा चोरी पैठार भए
जडिबुटी जति सबै विदेशीले लगे ।

हातमा हात काँधमा काँध सबै लाग्नुपर्छ
नेपालको उन्नतिमा सबै जाग्नुपर्छ
विश्वबजार पुऱ्याउँदै लक्ष्य एउटै राख
जडिबुटी हेर्न जाउँ हिमालको काख ।

*मीना अधिकारी, कक्षा १०*

*श्री बालुवा मावि, काभ्रे*

# शिक्षक र अभिभावकले सोच्नै पर्ने बाल संरक्षणका सवाल

*युवराज घिमिरे, सिविस*

मिस, यसले घरमा टिभी मात्र हेरिरहन्छ । पढ्न मन गर्दैन । यसलाई कुटीकुटी पढाउनू र धेरै होमवर्क दिनू है," भक्तपुरको एउटा आवासीय निजी विद्यालयमा कक्षा १मा पढ्ने राजारामकी आमाले दसैं बिदापछाडि विद्यालयमा मिसलाई भेटेर भनिन् ।

"आज भोलि ५ बजे नै रात पर्छ । होमवर्क गर्न पनि गाह्रो हुन्छ, सरले पनि कति होमवर्क दिनुहुन्छ । फेरी बत्ती पनि हुँदैन र जाडो पनि कति," काठमाडौंको नाम चलेको विद्यालयमा कक्षा ८मा पढ्ने यसोदाले भनिन् ।

कक्षा एल्.केजी.मा पढ्ने प्रज्वलको पनि उही अवस्था छ । उनले ८ पन्ना होमवर्क लेख्नुपर्ने छ ।

यस पालिको दसैंमा कक्षा १मा पढ्ने पृथ्वी दसैंमा मामाघरमा रात बसेनन् । उनलाई विद्यालयमा मिसले दिएको होमवर्क नै उनका लागि भ्याइनभ्याई थियो । सबै विषय गरी ५० पन्नाभन्दा बढी लेख्नुपर्ने । नेपालीका ३ वटा कथा सार्नुपर्ने, अनि ३ वटा कविता रट्नुपर्ने । कलिला हातले अलिकति लेख्दै हात दुख्ने ।

ललितपुरकी गीता खत्री जिल्लाकै राम्रो बोर्डिङ्मा कक्षा २ मा पढ्छिन् । आमा बुवा दुई जना नै जागिरे र व्यस्त । पैसा हुँदाहुँदै पनि गीताको आमाबुवा स्कुलमा फी तिर्न जानुभएन र यस पालिको परीक्षामा उनलाई सरले प्रवेश पत्र दिनु भएन । उनी रूँदै घर फर्किन् ।

जाँचमा मात्र होइन, जाँचअघि पनि गीता र उनका धेरै साथीलाई मिसले कक्षामा उभ्याएर "तिमीहरूको फी तिरेको छैन । जाँच दिन पाउँदैनौ" भनेर उभ्याउनु भएको थियो । त्यही बेला पनि उनलाई कक्षामा लाज लागेको थियो ।

लामो कपाल भएर पनि नकाटेको भनेर कक्षा युकेजीका दीपेशलाई मिसले पिट्नुभयो । दीपेश आफू कपाल कटाउने ठाउँमा जान सक्दैनथे भने कपाल काट्ने ठाउँमा आमाले लानु भएको थिएन ।

जिकेमा भएको प्रश्नोत्तर सोध्दा नआएको भनेर ललितपुरको विद्यालयमा कक्षा २ मा पढ्ने सुभद्रालाई मिसले नाङ्गो पारेर कक्षामा उभ्याउनु भयो ।

शिक्षक र अभिभावकहरूले जान्नैपर्ने कुरा

- राजारामजस्ता बालबालिकाकी आमाले आफ्ना बालबालिकालाई कुटपिटको साटो माया गरेर पढाउनका लागि शिक्षिकालाई अनुरोध गर्न सक्नुहुन्न र ?
- शिक्षकहरूले बालबालिकाहरूलाई चाडपर्वको बिदामा वा अन्य दिनमा होमवर्क दिंदा समय, परिस्थिति र बालबालिकाको उमेरलाई ध्यान दिनु पर्दैन र ? के हामी विद्यालयमा नै बालबालिकालाई प्रशस्त अभ्यास गराउन सक्दैनौ ? बालबालिकाहरूलाई चाडपर्वमा पनि बोझ हुने गरी होमवर्क नदिन सकिन्न र ?
- अभिभावकले बालबालिकाको फी समयमा तिरिदिन समय निकाल्नु महत्वपूर्ण रहन्छ । त्यो अभिभावकको दायित्व पनि हो । बालबालिकाको फी तिरेको छैन भनेर प्रवेश पत्र नदिनु र कक्षामा उभ्याउनाले बालबालिकाले आफूमा ग्लानि महसुस गर्छन् । के विद्यालयहरूले अभिभावकहरूलाई आफैं सम्पर्क गर्न सक्दैनन् र वा अभिभावकहरूका लागि बन्द खाममा सन्देश पठाउन सक्दैनन् र ? हामीलाई थाहा छ, बालबालिकाहरू ले पैसा कमाउन सक्दैनन् र उनीहरूसँग कुनै किसिमका शुल्कहरूको कुरा गर्नु बेकार छ ।
- बालबालिकाको सरसफाइमा ध्यान दिनु अभिभावक र शिक्षक दुबैको मुख्य जिम्मेवारी हो । सरसफाइका नाममा बालबालिकामाथि गरिने दुर्व्यवहारले बालबालिकामा कस्तो असर पर्छ भन्ने कुरा शिक्षकले र अभिभावकले ख्याल गर्नु पर्दछ । के दीपेशकी शिक्षिकाले उसकी आमालाई "दीपेशको कपाल कटाइ दिनुहोला" भनेर सन्देश पठाउन सकिँदैन होला र ।
- बालबालिकाले पढाएको कुरा बुझ्नेनन् वा सोधेका कुरा जानेनन् भनेर नाङ्गै घुमाउनु बालबालिकामाथि हुने यौन दुर्व्यवहार हो । यो बालबालिकामाथिको जघन्य अपराध पनि हो ।
- बालबालिकामाथि भएका यस्ता व्यवहारलाई अभिभावक र शिक्षकले ख्याल नगरेका हुन सक्छन् । यसको बालबालिकामा नराम्रो असर पर्न सक्छ । हामीले हाम्रो व्यवहारमा सोच्ने बेला आइसकेको छ ।

■







# बालक हामी आजका



बालक हामी आजका उडेर सुवास छर्ने छौं
देशको लागि मर्ने छौं, देशकै काम गर्ने छौं

बालक हामी आजका नराम्रो गर्दैनौं
सुवास छर्छौ जगतमा, अशान्ती हामी गर्दैनौं

सगरमाथाको चुचुरो सफलता प्राप्त गर्ने छौं
माया र ममताको भेषले उज्जवल हामी छर्ने छौं

बालक हामी आजको शान्तिको दुत बन्नेछौं
बालश्रम मुक्त गराउन हातेमालो गर्नेछौं

*इनुसा न्यौपाने, जागृति बालक्लब*

# सिर्जनात्मक लेखन सीप

# कथा लेखन

समाजमा घटेका वा घट्न सक्ने घटना क्रम तथा विषयवस्तुलाई यथार्थमा ढालेर रोचक, सरल र मधुर शैलीमा प्रस्तुत गर्नु कथा हो । कथा अयथार्थ भएर पनि यथार्थजस्तो र अवास्तविक भएर पनि वास्तविकजस्तो हुन्छ । पाठकको मन छिचोल्दै मुटु छुन सक्ने कथाले समाजका हरेक वर्ग, क्षेत्र र मानिसको प्रतिनिधित्व गरेका हुन्छन् ।

कथा कसरी लेख्ने ?

- कथाको विषयवस्तु : भाव र यसले प्रतिनिधित्व गर्ने क्षेत्र र वर्गको छनौट गर्नुपर्छ ।
- शीर्षक चयन : यो कथाको अर्को महत्वपूर्ण पक्ष हो । शीर्षकले नै पूरै कथाको भाव र मर्मलाई प्रतिबिम्बित गरेको हुन्छ ।
- कथ्य चयन : कथामा व्यक्त गरिने समस्या, दृष्टिकोण, घटना क्रम र सारवस्तु नै कथ्य चयन हो । कथामा यी कुराहरूलाई अत्यन्त रोचक र आकर्षक शैलीमा प्रस्तुत गर्नुपर्दछ ।
- पात्र योजना : कथाको अर्को विशेषता हो पात्र योजना वा पात्र छनौट । त्यसैले कथा लेखनमा क्षेत्र, वर्ग र परिवेश अनुसारका पात्रहरू छनौट गरी उनीहरूका माध्यमबाट कथाको भाव विस्तार हुनुपर्छ ।
- दृष्टि विन्दु : कथामा कथाकारले आफ्ना कुरा वा विषयवस्तु आफै मार्फत् अथवा अन्य पात्रहरू मार्फत् अभिव्यक्त गरेको हुन्छ । त्यसैले कथामा प्रथम पुरुष तथा तृतीय पुरुषको पनि प्रयोग गर्न सकिन्छ तर पात्रहरूको नाम उल्लेख नहुने अवस्थामा मात्रै ।
- परिवेश : कथामा स्थान, समय, परिवेश र परिस्थितिको समन्वय हुनु अति नै जरूरी हुन्छ । यदि गाउँले मानिसले भोग्नुपरेका कथाव्यथाको चित्रण गरिने कथा छ भने गाउँले परिवेश, गाउँले पात्र र गाउँको चित्रण हुनु जरूरी हुन्छ ।
- भाषाशैली : भाषाशैली भनेको नै कुनै पनि साहित्यिक रचनाको सौन्दर्य प्रसाधन हो । त्यसमा पनि कथा भनेको हरेक वर्ग र क्षेत्रमा पाठकहरूको रोचक विधा भएको हुनाले यसको भाषाशैली सरल, सरस हुनुका साथै शैली माधुर्य हुनु पनि जरूरी हुन्छ ।

*सन्दर्भ सामग्री : शैक्षिक तथा सिर्जनात्मक लेखन,*

*हिरण्यलाल ज्ञवाली, कपिलमणि ज्ञवाली*





# कुराकानी गर्दा विचार गर्नुपर्छ



एक पटक राज दरबारमा सभा चलिरहेको थियो । मन्त्री बीरबलले आफ्नी तीन वर्षकी सानी छोरीलाई साथमा लिएर सभामा गएका थिए । बैठक चलिरहेका बेला तिनी यताउता खेल्थिन् र पुलुक्क राजालाई हेर्थिन् । राजाले पनि आफ्ना लामा जुँगा देखाउँदै नजानिदो तरिकाले जिस्काइरहन्थे । बीरबलपुत्री यसरी खेल्दाखेल्दै राज सिंहासनतिर पुगिन् । एउटी सानी बच्ची आफू नजिक आएको देखेर खुसी भई अकबरले उनलाई आफ्नो काखमा लिए । यत्तिकैमा सभा पनि विसर्जन भयो । सभाको समाप्तिपछि राजाले बीरबलपुत्रीसँग सोधे, "नानी तिमीलाई कुरा गर्न आउँछ ?"

बीरबलपुत्रीले पनि राजाको जुँगा मुसार्दै हाँसेर भनिन्, "धेर थोर आउँछ ।"

बीरबलपुत्रीकने यस्ता कुरा अकबरले बुझेनन् । उनले कुरा स्पष्ट पार्न आग्रह गर्दै भने, "धेर थोर आउँछ भनेको चाहिँ के हो नि ?" बीरबलपुत्रीले पनि आफ्नो बाल सुलभ र चञ्चल स्वभाव प्रकट गर्दै भनिन्, "महाराज ! आफूभन्दा सानो मान्छेसँग धेरै कुरा गर्न जान्दछु र आफूभन्दा ठुलासँग कुरा गर्न थोरै जान्दछु भनेकी हुँ ।"

सानी बच्चीको यस्तो कुराले प्रशन्न भएका अकबरले फेरि प्रश्न गरे, "किन धेरथोर नि ?"

राजाको प्रश्न सुनेर बीरबलपुत्रीले शिर झुकाउँदै लाज मानेजस्तो गरेर फेरि भनिन्, "आफूभन्दा ठुला मान्यजनहरूसँग कुराकानी गर्दा विचार पुयाएर, अड्कलेर बोल्नु पर्दछ । तर साथीभाइ वा भाइबहिनीहरूसँग कुराकानी गर्दा त्यति धेरै विचार पुन्याइरहनु पर्दैन । होइन र महाराज !"

सानी बच्चीको यस्तो कुरा सुनेर अकबर छक्क परे र उपहार स्वरूप खेलौनाहरू दिए ।

# हाम्रो आँगनका २५ अङ्क :
# मेरो अनुभवका २५ प्रसङ्ग

*विभिन्न उतारचढाव, सफलता र समस्या पार गर्दै 'हाम्रो आँगन' आज २५ अङ्कमा आइपुग्दा यसको विगत सम्झन मन लागेको छ । ठ्याक्कै यसको सुरुवातदेखि नभएपनि लामो समयदेखि विभिन्न रूपमा म 'हाम्रो आँगन'सँग निकट रहँदै आएँ । सुरुमा एक पाठक, त्यसपछि केही रचनाको लेखक र पछि यसको सम्पादकीय समूहमा रहने अवसर पाएँ मैले । केही नहुँदा पनि इमान्दार पाठक त पछिसम्म पनि रहने नै छु । सरसर्ती सम्झँदा 'हाम्रो आँगन'सँग सम्बन्धित यी २५ प्रसङ्ग अगाडि आए मेरा आँखामा ।*

**१.**

'*हाम्रो आँगन*'को पहिलो अङ्कको विमोचन भएको दिन सायद् म मेरो बाल क्लबबाट पहिलो पटक कुनै कार्यक्रममा सहभागी भएको थिएँ । विसं. २०६१ जेठ ३० गते (१२ जुन २००४) होला, बाल श्रम विरूद्धको अन्तर्राष्ट्रिय दिवस मनाउन गरिएको कार्यक्रममा सिविसले आफ्नो नियमित प्रकाशनको पहिलो अङ्क सार्वजनिक गर्‍यो । बाल अधिकारका कुनै पनि बहसबाट टाढा म त्यसभन्दा एक हप्ता अगाडि भएको एक अन्तर बाल क्लब वक्तृत्वकला प्रतियोगितामा भाग लिनकै लागि मात्र मेरो स्कुलमा रहेको एकीकृत उद्धार बाल क्लबको सदस्य भएको थिएँ । स्कुलको नौ कक्षाको पहिलो विद्यार्थी, मैले वक्तृत्वकलामा भाग लिएँ भने अरूका अगाडि स्कुलमा राम्रै छाप पर्न जान्छ भन्ने बाल क्लबका साथी र शिक्षकहरूले महसुस गर्नुभएछ । अन्यथा मलाई त हाम्रो स्कुलमा करिब एक वर्ष अगाडि बाल क्लब खुलेको पनि राम्रो थाहा थिएन । त्यसो त, त्यति बेलामा अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिताहरूमा हाम्रो स्कुलबाट प्रतिनिधित्व गरेर प्रायशः पुरस्कार जित्दै आएकी, एक हिसाबले सेलिब्रिटी भइसकेकी मेरै कक्षाकी साथी सज्जिता पराजुली पनि त्यसै कार्यक्रममा भाग लिन मात्र बाल क्लबको सदस्य भएकी थिइन् ।



**२.**

हाम्रो बाल क्लबको निर्णय सही नै सावित भयो जब सज्जिताले पहिलो र मैले सान्त्वना पुरस्कार पायौँ । '*हाम्रो आँगन*'को दोस्रो अङ्कमा उक्त कार्यक्रमको समाचार आउँदा हाम्रो पनि नाम आयो । एकातिर मेरो मन फुरूङ्ग भयो भने अर्कातिर म '*हाम्रो आँगन*'सँग अझ नजिक भएँ, जुन सम्बन्ध आज पच्चिसौँ अङ्कसम्म आइपुग्दा पनि कायमै छ ।

**३.**

विसं. २०६१ असोज कार्तिकतिर हुनुपर्छ । एउटा कार्यक्रममा सहभागी हुने प्रायोजनले बाल क्लब सदस्य भएको म बाल क्लबका गतिविधिमा सक्रिय हुने कुरै थिएन । हुन त म बाल क्लबको सचिव भइसकेको थिएँ भने सज्जिता त्यसकी अध्यक्ष । त्यस उमेरमा पनि परिवारका केही काममा मेरो जिम्मेवारी थियो मम्‍ा, जस्तै मासिक बिजुलीको पैसा तिर्न जाने । बिजुलीको पैसा तिर्न चाबहिल, गणेश स्थानको विद्युत् प्राधिकरणको कार्यालयमा गएको थिएँ । फर्कँदा गणेश मन्दिर नजिकैको एक पान पसलमा सिविसका कमल (चापागाईं) दाइ भेटिनुभो । मैले त देख्या पनि थिइँन वा देखेर पनि बोलाइँन, उहाँले नै "दिवाकर भाइ, कता ?" भन्दा झसङ्ग भएर नमस्ते गरेको थिएँ । सिविसको कार्यालय गङ्गाहिटी, चाबहिलमा थियो र सायद् उहाँ खाजा खान निस्कनुभएको थियो होला । कुरै कुराको सिलसिलामा उहाँले मलाई घरेलु बाल श्रमिकको अवस्थामा सुधार ल्याउन बाल क्लबको भूमिकाका विषयमा एक लेख लेख्न भन्नुभयो, '*हाम्रो आँगन*'का लागि । म फुरूङ्ग परेँ किनकि मैले लेखेको लेख पनि कतै प्रकाशित हुन सक्छ भन्ने मैले कल्पनासम्म पनि गरेको थिइँन । मैले लेखेँ र प्रकाशित भयो '*हाम्रो आँगन*'को तेस्रो अङ्कमा । मेरो जीवनकै प्रथम प्रकाशित रचना हो त्यो ।

**४.**

बाल क्लबका गतिविधिमा बिस्तारै मेरो सक्रियता बढ्दै गयो । यस क्रममा चौथो अङ्कमा 'असल साथी' स्तम्भमा हाम्रो बाल क्लबकै अभिषेक लिम्बूको प्रोफाइल लेखेँ । त्यसो त त्यस अङ्कको बाहिरि पृष्ठमा मेरो फोटो नै पनि छापिएको थियो, बाल क्लबको योजना बनाउन छलफल गर्दै गरेको अवस्थाको ।

**५.**

पाँचौ अङ्सम्म आइपुग्दा बाल क्लबका गतिविधिमा मेरो सक्रियता उल्लेख्य बढेको थियो । विसं. २०६२को वैशाखमा हिमराइट्सले आयोजना गरेको राष्ट्रिय बाल संसद्मा मैले प्रतिनिधित्व गर्ने मौका पाएँ । सात दिनसम्म स्कुल छुटे पनि बाल अधिकारका मुद्दाहरूमा ज्ञान बढाउने हिसाबले कार्यक्रम उपलब्धिमूलक भएको थियो । पाँचौँ अङ्कमा मैले बाल संसद्को अनुभवको संस्मरण लेखेँ । तेस्रो अङ्कको लेखभन्दा यो अलिक लामो थियो भने अर्कातर्फ यसले मलाई डायरी/संस्मरण लेख्न प्रेरणा दियो ।

**६.**

चौथो अङ्कसम्म '*हाम्रो आँगन*'को सम्पादनको काम सुवास खतिवडाले गर्नुहुन्थ्यो । पछि बालबालिकालाई नै सम्पादकीय प्रक्रियामा सामेल गराउने कुरा गर्‍यो सिविसले । त्यसै अनुसार पाँचौ अङ्कमा विभिन्न बाल क्लबका पाँच साथीको सम्पादकीय समूह थियो । छैटौँ अङ्कमा उक्त समूह पुनगर्ठन गरेर मलाई पनि सम्पादकीय समूहमा ल्याइयो । म एघारौँ अङ्कसम्म (बाल क्लबबाट निस्किसकेपछि पनि) सम्पादकीय समूहमा रहेँ । त्यसबीचमा लेख रचना सङ्कलन र सम्पादनका धेरै काममा सहभागी भइयो ।

**७.**

सम्पादकीय समूहमा रहनु साथीहरूबीच एउटा गतिलो पहिचान त थियो, तर काम भने सोचेजस्तो सजिलो थिएन । सङ्कलित रचनाहरूलाई प्रकाशनका लागि योग्य बनाउन धेरै नै मेहनत गर्नुपर्थ्यो । आधाभन्दा बढी रचनालाई त सम्पादनले मात्र नुपुगेर भाव बुझेर आफैँ पुनर्लेखन गर्नुपर्थ्यो । कति रचनाका आधा भाग उत्कृष्ट हुन्थे त बाँकी आधा भाग कुनै पनि हालतमा प्रकाशन गर्नै नसकिने । त्यस अवस्थामा आधा भए पनि राखिदिउँ जस्तो लाग्थ्यो त फेरि त्यसो गर्‍यो भने रचना अपुरो जस्तो हुन्थ्यो । कमल दाइकै सल्लाहमा काम गरिन्थ्यो ।

**८.**

सम्पादन र पुनर्लेखनबारे कुरा गर्दा मैले बिर्सनै नसक्ने एक प्रसङ्ग पनि यहाँ उल्लेख गरिहालौँ । सातौँ अङ्क यौन दुर्व्यवहार विशेषाङ्क थियो । बाल यौन दुर्व्यवहारको सवालमा सबै सरोकारवालाको भूमिकालाई आफ्नो प्रकाशनमा समेट्ने हाम्रो उद्देश्य थियो । यसै क्रममा हामीले

सामुदायिक प्रहरी, बौद्धका एक प्रहरी कर्मचारीसँग रचना मागेका थियौँ । पहिलो कुरा त उहाँको रचना पाउनै हामीलाई गाह्रो भयो । धेरै दिन फोन गरेपछि बल्ल उहाँले हामीलाई एक दिन बौद्ध सामुदायिक प्रहरी आउन भन्नुभयो । कमल दाइ र म गयौँ । उहाँसँग केही गफ गरेपछि रचना लिएर आयौँ । कार्यालय आएर हेर्छौं त उहाँले हाम्रो कुरा नबुझ्नुभएको हो कि हामीले उहाँको भनेजस्तो भो । हामीले उहाँलाई बाल यौन दुर्व्यवहार रोक्नमा सामुदायिक प्रहरीको भूमिकाबारे लेख्न भनेका थियौँ, तर उहाँले यौन दुर्व्यवहारबारे नै लेखे पनि हामीले खोजेको केही लेख्नुभएनछ । अब के गर्ने ? हामीलाई जसरी पनि प्रहरीको भूमिकाबारे लेख्नु छ । अनि मैले एउटा नयाँ लेख लेखेँ र ती प्रहरी कर्मचारीको नाम राखेँ ।

**९.**

साथीहरूबीच 'हाम्रो आँगन' बाट स्थापित पहिचानको कुरा गर्दा पनि एउटा रमाइलो घटनाको सम्झना आउँछ । ठ्याक्कै मिति त याद छैन । रत्न राज्य स्कुल, बानेश्वरको रत्न राज्य प्रगतिशील बाल क्लबले एउटा विविध विषयको प्रदर्शनी कार्यक्रम गरेको थियो आफ्नै स्कुलमा । हाम्रो मिल्ने साथी, '*हाम्रो आँगन*'कै सम्पादन समूहको एक सदस्य आशिष राईको निमन्त्रणामा हामी पनि कार्यक्रममा सहभागी थियौँ । म एक्लै त्यहाँका विभिन्न स्टलहरू घुम्दै थिएँ । एउटा स्टल त '*हाम्रो आँगन*' पत्रिकाको रहेछ । त्यहाँ गएर यस्सो पुराना अङ्कहरू पल्टाउन थालेको त साथीहरूले मलाई यसका बारेमा जानकारी दिन थालिहाले । "यो हाम्रो यस्तो पत्रिका हो ... यसमा यस्ता यस्ता रचना छापिन्छन्... यसको उद्देश्य यस्तो हो" त भनेभने "यसको सम्पादन समूहमा योयो मान्छे हुनुहुन्छ" भनेर पहिलो पृष्ठमा रहेको हाम्रो नाम पनि देखाउन भ्याए र केही रचना छ भने त्यता सम्पर्क गर्न अनुरोध गरे । अनि मैले चाँहि मेरो नाम देखाएर "यो मान्छे भनेको चैं मै हुँ" भन्दा साथीहरू जिल्ल । त्यस घटनाले मलाई मान्छेको पहिचान अनुहारभन्दा पनि नाममा कसरी स्थापित हुने रहेछ भन्ने बुझायो र एक हदसम्म सीमित साथीहरूकै बीचमा पनि पहिचान स्थापना भएकामा खुसी लाग्यो ।

**१०.**

'*हाम्रो आँगन*'को छैटौदेखि नवौ अङ्कसम्म सम्पादन समूहमा सोनू चौधरी, बिना ढुङ्गाना, आशिष राई, सञ्जिता पराजुली र म थियौँ । स्पष्टतः भन्नुपर्दा सोनू दिदी र आशिषसँग '*हाम्रो आँगन*'का लागि हाम्रोभन्दा कम समय थियो । साथै, भाषा र अभिव्यक्तिमा म सायद् बिना, सञ्जिता र मेरै सीप उहाँहरूको भन्दा अलि राम्रो भएर होला, बढी काम हामी नै गर्थ्यौँ । कार्यालय लाग्ने दिनमा कमल दाइ पनि व्यस्त हुने तथा हामीलाई छलफल तथा काम गर्न ठाउँ पनि नहुने भएकाले हामी प्रायः शनिबार र आइतबार '*हाम्रो आँगन*'को काम गर्थ्यौँ । तर, बिना, सञ्जिता र म एकै ठाउँ भएपछि समस्या के हुन्थ्यो हामी गफ र हल्ला बढी, अनि काम कम गर्थ्यौं । बोल्नमा कोहीभन्दा कोही कम थिएन । अनेक थरी विषय निस्किन्थे र हाम्रो बहस सुरु हुन्थ्यो । कति कुरामा हामी एकमत हुन्थ्यौँ कति कुरा केही मिल्दैनथे । यसरी करिब दुइ दिनमा सकिने काम हामी १०/१५ दिन लगाएर बल्लबल्ल गर्थ्यौं ।

**११.**

हामी तीन जनामध्ये पनि बिना हाँस्न र गफ गर्न बढी सक्रिय थिइन् । एक समय यस्तो थियो कि, उनी जे कुरामा पनि ख्यालठट्टा गर्थिन् । अझ कहिलेकाँहि मलाई यस्तोसम्म भन्थिन् कि, "हेर दिवाकर, तिमी मेरो अगाडि नबस त । तिमी अगाडि बस्यौ कि मलाई सहिनसक्नु हाँसो उठ्छ ।" उसलाई हाँस्न त खालि कुनै बहाना मात्र चाहिन्थ्यो, जो म भएको थिएँ । अहिले सम्झँदा बडो रमाइला लाग्छन् ती दिन । तर दुःखको कुरा हामी तीनबीच अचेल खासै नियमित भेटघाट र कुराकानी हुन सकिरहेको छैन ।

**१२.**

'*हाम्रो आँगन*'को नवौँ अङ्क सन् २००७को बाल श्रम विरूद्ध विश्व दिवसका अवसरमा प्रकाशित थियो । त्यस वर्षको उक्त दिवसको जोड कृषि क्षेत्रका बाल श्रमिकमा थियो । यसैलाई समेट्दै कृषि श्रमबारे सामग्री प्रकाशन गर्ने योजना भए पनि सामग्री थिएन । पछि सिविसका तत्कालीन कार्यकारी निर्देशक मिलन धरेलले हामीलाई कृषिमा बाल श्रमबारे एक अङ्ग्रेजी दस्ताबेज दिनुभयो र हामीले त्यसलाई नेपाली अनुवाद गरेर प्रकाशन गर्‍यौँ । अझ स्पष्टतः भन्दा त्यसको अनुवाद मैले नै गरेँ, जुन मेरा लागि फाइदाजनक भयो । पछि पढाइ र कामका सिलसिलामा मैले धेरै अनुवादका काम गर्नुपर्‍यो । म गर्वसाथ भन्न सक्छु कि ती सबै कामको जग '*हाम्रो आँगन*'का लागि गरेको त्यो अनुवाद रह्यो ।

**१३.**

सायद् दसौँ अङ्कसम्म पुग्दा हामीले स्कुल, त्यसैले बाल क्लब पनि, छोडिसकेका थियौँ । त्यसैले फेरि सम्पादकीय समूह पुनर्गठन गर्नुपर्ने भो । तर समूहमा मज्जाले खट्न सक्ने बाल क्लब प्रतिनिधि नै भेटिएनन् । तुलनात्मक निष्क्रियताका आधारमा बिना र सञ्जिता समूहबाट हटे भने सोनू दिदी, आशिष र म भने एघारौँ अङ्कसम्म कायम रह्यौँ । अनि नतिजा ? नतिजा यो भो कि सोनू दिदी र आशिषको पर्याप्त समयको अभावमा मैले पहिलेभन्दा बढी खटिनुपर्ने भो । तर फाइदा के भो भने सञ्जिता र बिनाको अनुपस्थितिमा कामका सिलसिलामा गफगाफ र ख्यालठट्टा कम हुँदा काम छिटो हुने भो । बिदाका दिन कमल दाइ र म सिविस कार्यालयमा भेट्थ्यौँ, म रचना छान्ने, काँटछाँट गर्ने, लम्ब्याउने, छोट्याउने, मिलाउने आदि काम गर्थें, कमल दाइ मलाई सिकाउँदै, सल्लाह दिँदै खुरूखुरू टाइप गर्नुहुन्थ्यो । यसरी एक अङ्कको काम हामी दुईदेखि तीन दिनमा त पुरै सकेर डिजाइनरकोमा पठाउन भ्याउँथ्यौँ ।

**१४.**

नवौँ अङ्कदेखि सम्पादकीय समूहमा रहेका हामी आफैँले अरू केही थप काम पनि गर्न थाल्यौँ । ( सायद् केही अङ्कमा छुट्यो होला, अन्यथा) '*हाम्रो आँगन*'का प्रत्येक अङ्कमा 'बालककालका कुरा' वा 'बाल्यकालका कुरा' स्तम्भमा राष्ट्रिय स्तरमा ख्याति कमाएका व्यक्तित्वका बाल्य अनुभव प्रकाशित भइरहेका छन् । आठौँ अङ्कसम्म ती व्यक्तिहरू छनोट गर्ने, अन्तर्वार्ता लिने आदि काम हामीले गर्दैनथ्यौँ, सम्पादन समूहमै भए पनि । तर नवौँ अङ्कदेखि भने कमल दाइको आग्रहमा हामीले नै त्यो काम गर्न थाल्यौ ।

नवौँ अङ्कका लागि गायिका कुन्ती मोक्तानसँग अन्तर्वार्ता गर्ने कुरा भो । म, सञ्जिता र अर्को एक साथी अजित अर्याल मोक्तानलाई फोन गरेर मिलाइएको समयमा उहाँको घरमै गयौँ । हामीले आफ्नो परिचय दियौँ अनि पत्रिकाको बारेमा बतायौँ । उहाँले सजिलैसँग आफ्नो आँगनमा बसेर '*हाम्रो आँगन*'का लागि अन्तर्वार्ता दिनुभयो, तर हामीलाई भने कताकता उहाँले हामी फुच्चाफुच्चीहरूलाई पत्याउनुभएन कि जस्तो लागिरह्यो । अन्तर्वार्ता सकेपछि हामी कम्ता खुसी भएर फर्केका थिएनौँ ।

मैले कोही मान्छेसँग "अन्तर्वार्ता" भनेर गरेको त्यो पहिलो कुराकानीलाई आजभोलि अरू केही "अन्तर्वार्ता" गर्नु पर्दा पनि सधै सम्झन्छु ।

**१५.**

नवौँ अङ्कदेखि नै हामीले गर्न थालेको अर्को नौलो काम प्रेरक व्यक्तित्वको जीवनी हो । 'बालककालका कुरा'जस्तै 'प्रेरक व्यक्तित्व' पनि नियमित प्रकाशन भइरहेथ्यो । 'बालककालका कुरा' राष्ट्रिय व्यक्तित्वका बाल्य अनुभवमा आधारित हुन्थे (र छन्) भने 'प्रेरक व्यक्तित्व'मा प्रायः अन्तर्राष्ट्रिय व्यक्तित्वका जीवनी प्रकाशित हुन्थे (र गरिन्छन्) । त्यसैले पहिलोका लागि व्यक्ति पहिचान गरेर अन्तर्वार्ता गरिन्थ्यो भने दोस्रो स्तम्भका लागि अन्तर्वार्ता सम्भव नहुँदा विभिन्न स्रोतबाट सूचना सङ्कलन गर्नुपर्थ्यो । यस क्रममा मैले रवीन्द्रनाथ टेगोरको जीवनी तयार गरेँ नवौँ अङ्कका लागि । त्यस पश्चात् केही अङ्कका लागि कमल दाइ र केहीका लागि मैले यस काम गर्दै आएका छौँ ।



२५ औं अङ्क विशेष

**१६.**

'प्रेरक व्यक्तित्व'जस्ता विविध सामग्रीका लागि हामीलाई विभिन्न पुस्तक, पत्रपत्रिका चाहिन्थे । यी सामग्रीको सङ्कलनमा पनि कमल दाइसँगै म पनि सहभागी भएको सम्झना छ । वर्षैपिच्छे भृकुटीमण्डपमा हुने पुस्तक प्रदर्शनीमा एक दुई पटक हामी सँगै गएर एक एक भारी पुस्तक ल्याएका थियौँ ।

**१७.**

२०६४ जेठमा एक कामका सिलसिलामा कमल दाइसँगै '*हाम्रो आँगन*'को सम्पादन समूहका पाँचै जना (र अरू केही साथी पनि) झापा गएका थियौँ । जुन कामका लागि हामी गएको हो त्यसका अतिरिक्त हामीले '*हाम्रो आँगन*'का लागि पनि केही गरौँ भनेर सोच्यौँ । कमल दाइले स्थानीय पत्रकार मनोज तपस्वीसँग भेटेर त्यस वर्षको मदन पुरस्कार विजेता कृष्ण धरावासीसँग भेटको चाँजोपाँजो मिलाउनुभो । तपस्वी दाजुले धरावासीलाई हामी बसेकै होटेलमा बोलाउनुभो र हामीले धरावासीसँग सामूहिक अन्तर्वार्ता गर्‍यौँ । पछि धरावासीलाई उहाँको घरमै गएर पनि भेट्यौँ । धरावासीसँगको भेटवार्ता यस कारण महत्वपूर्ण भो कि कुन्ती मोक्तानपछि हामीले गरेको दोस्रो अन्तर्वार्ता थियो त्यो र त्यसको सफलताले हामी सबै अङ्कका लागि अन्तर्वार्ता गर्न अब सक्छौँ भन्ने विश्वास दिलायो ।

**१८.**

'*हाम्रो आँगन*'को छैटौँदेखि दसौँ अङ्कसम्म सामग्री मात्र नभएर भाषा सम्पादनको काम पनि मैले नै गरेँ । कमल दाइ आज भोलिसम्म पनि पाँचौ अङ्कसम्मका भाषा सम्पादकको नाम लिएर "दिवाकरले फलानुको त जागिर नै खाइदियो" भनेर ठट्टा गरिरहनुहुन्छ ।

एघारौँ अङ्कदेखि बाइसौँ अङ्कसम्म घनेन्द्र ओझा सरले भाषा सम्पादन गर्नुभयो । २०६७ कार्तिकमा बाइसौँ अङ्क प्रकाशन भएपछि प्राविधिक कारणले '*हाम्रो आँगन*'को प्रकाशन केही समयका लागि बन्द भई झन्डै तीन वर्षपछि २०७० भदौदेखि फेरि सुरु भयो । पुनः प्रकाशन सुरू भएसँगै भाषा सम्पादनको जिम्मेवारी पुनः मैले नै पाएको छु ।

**१९.**

म सम्पादन समूहमा रहुन्जेल सुरूमा हामी पाँच जना र पछि तीन जना भए पनि प्रकाशन प्रक्रियाको अन्तिमसम्म भने मैमात्र सहभागी हुन्थेँ । सायद् भाषा पनि मैले नै हेर्नुपर्ने भएर होला '*हाम्रो आँगन*'को डिजाइनका क्रममा पनि कमल दाइ मिलेसम्म मलाई सँगै लानुहुन्थ्यो । काठमाडौँकै राम्रा र व्यस्त प्रिपेस सेवा प्रदायकमा पर्ने पुतली सडकको टाइम्स क्रिएसनमा हाम्रो पत्रिकाको डिजाइन हुन्थ्यो । त्यहाँका कर्मचारी यति व्यस्त हुन्थे कि तीन चार दिन अगाडि फोन गरेर समय लिएर जाँदा पनि त्यहाँ पुगेर फेरि घण्टौँ कुर्नुपर्थ्यो ।

अनि यसरी कुर्दैमा कहिलेकाँहि रात पर्थ्यो । रातको नौ बजेसम्म टाइम्समा बसेको सम्झना छ मलाई । त्यस अवस्थामा कमल दाइ मलाई घरसम्म पुर्‍याउन आउनुहुन्थ्यो । अझ एक पटक जाडो सकिएर गर्मी लाग्न (अथवा गर्मी सकिएर जाडो लाग्न हो, ठ्याक्कै बिर्सियो) लागेका बखत दिउँसोतिरै हामी टाइम्स गएका थियौँ । दिउँसो खासै जाडो थिएन र दिउँसै त फर्किने हो भनेर म ज्याकेट, स्वेटरबिनै थिएँ । तर फर्कँदा त झमक्कै भो । कमल दाइको बाइकको पछाडि बसेको मलाई त यस्तो जाडो भो नि ! अनि कमल दाइको चाबहिलको कोठामा पसेर उहाँको ज्याकेट लाएर घरसम्म आएको थिएँ म !

**२०.**

बाह्रौ अङ्कमा नयाँ सम्पादन समूह आयो र सामान्य हेरफेर बाहेक बाइसौँ अङ्कसम्म उही समूहले काम गर्‍यो । तर पनि '*हाम्रो आँगन*'सँगको मेरो नाता टुटेन । कमल दाइले अरू नभए पनि 'बालककालका कुरा'का लागि सहयोग गर्न भन्नुभो, जुन मैले नमान्ने कुरै थिएन । ख्यालठट्टामै उहाँ कहिलेकाँहि भन्नुहुन्थ्यो, "चाहे दिवाकर देशमा रहोस् वा विदेश जाओस्, भेटेसम्म उसलाई 'बालककालका कुरा' लेख्न लाउने हो ।" म त के, खुसी थिएँ, एकातिर आफ्नो लेखन सीप र जन सम्पर्क बढ्थ्यो भने अर्कातिर '*हाम्रो आँगन*'सँगको सम्बन्ध निरन्तर हुन्थ्यो ।

त्यस बीचमा मैले कृष्णप्रसाद पराजुली, पूर्णप्रकाश नेपाल यात्री, प्रमोद प्रधान, रामकृष्ण दुवाल, नेत्र एटम र कृष्णहरि बरालको अन्तर्वार्ता गरेँ ।

**२१.**

'बालककालका कुरा'का लागि हाम्रै छिमेकमा बस्नुहुने प्रसिद्ध साहित्यकार मानवशास्त्री पूर्णप्रकाश नेपाल यात्रीसँग कुरा गरेको थिएँ । नजिकै बस्ने थाहा पाएपछि उहाँले मलाई निरन्तर आइरहन भन्नुभयो र म निरन्तर गइरहेँ । पछि त यस्तो भो कि काम परोस् वा नपरोस् उहाँको घरमा म हप्ताको एक चोटि पुगेकै हुन्थेँ । यस क्रममा उहाँले मलाई आफूलाई भेट्न आउने मान्छेहरूका बीचमा युवा पत्रकार भनेर मात्र चिनाउनुभएन (जब कि '*हाम्रो आँगन*'का लागि मात्र लेख्ने म कुनै व्यवसायिक पत्रकार त थिइँन त्यति बेला), आफूलाई निम्ता आएका कति कार्यक्रममा मलाई पनि लैजान लाग्नुभो । विसं. २०६६ असार २९ गते वीरेन्द्र सैनिक विद्यालय, भक्तपुरको भानु जयन्ती कार्यक्रममा उहाँ प्रमुख अतिथि हुनुहुन्थ्यो । उहाँले मलाई पनि लैजान चाहानुभो । म पनि गएँ र सगौरव '*हाम्रो आँगन*' नामको बाल पत्रिकाका लागि काम गर्छु भनी परिचय दिएर फर्किएँ ।

**२२.**

जति बेला म यात्रीजीको निकट सम्पर्कमा थिएँ, उहाँको एउटा नयाँ महाकाव्य निस्कँदै थियो । राष्ट्रकवि माधवप्रसाद घिमिरेको जीवनीमा आधारित भई उहाँले '*राष्ट्रकवि*' शीर्षकको महाकाव्य रच्नुभएको थियो । एक पटक यात्रीजीको कुनै सन्देश लिएर म राष्ट्रकविज्यूकोमा जानुपर्ने भयो । यात्रीजीले मलाई राष्ट्रकविसँग पनि एक अन्तर्वार्ता गर्न सुझाउनुभयो । हुन त '*हाम्रो आँगन*'मा उहाँको बाल्य अनुभव पहिलो कि दोस्रो अङ्कमै प्रकाशित भइसकेको थियो । तर पनि मैले सोचेँ कि यो सुनौलो मौका किन गुमाउने ? माधव घिमिरे भनेका हामी बाँचेको समयका सर्वाधिक महान् र सर्वाधिक लोकप्रिय साहित्यकार हुनुहुन्छ भन्ने मनन गरेर मैले उहाँसँग अन्तर्वार्ता गर्ने निधो गरेँ ।

वि.सं. २०६६ भदौ १५ गते करिब एक घण्टा उहाँसँग गरेको अन्तर्वार्ता पनि मेरो जीवनको कहिल्यै नबिर्सिने क्षण हो । सायद् पछि विभिन्न कामका सिलसिलामा धेरै जनासँग धेरै अन्तर्वार्ता गरिएला, तर राष्ट्रकविसँगको त्यो अन्तर्वार्ता मैले गरेका सबभन्दा चित्तबुझ्दा अन्तर्वार्तामध्ये एक सधै नै रहनेछ ।

'*हाम्रो आँगन*'को अठारौँ अङ्कमा 'बालापनबारे राष्ट्रकवि' शीर्षकमा उक्त अन्तर्वार्ता निबन्धका रूपमा प्रकाशित छ । (दुःखको कुरा मेरो नाम चै छापामा छुटेछ ।)

**२३.**

२०६७ कार्तिकमा बाइसौँ अङ्क प्रकाशन भएपछि प्राविधिक कारणले '*हाम्रो आँगन*'को प्रकाशन बन्द भयो । सिविसको धेरै साथीहरू दुःखी हुनुहुन्थ्यो । म त दुःखी नहुने कुरै थिएन । यसै पत्रिकाका लागि भनेर केके गरौँला भन्ने सानातिना योजना मसँग पनि थिए । तर हामीसँग आखिर सिविसको निर्णय स्विकार्नुको विकल्प पनि थिएन । बन्द भएपछि पनि बेलाबेला '*हाम्रो आँगन*'का लागि गरेका काम सम्झिन्थेँ । पछि सकेँ भने मेरा '*हाम्रो आँगन*'मा प्रकाशित रचनालाई कुनै रूपमा सङ्कलन र प्रकाशन गरौँला भन्ने सपना पनि बुनेँ ।

**२४.**

तर तीन वर्षमा त खुसी फर्कियो । यस बीचमा सिविसको व्यवस्थापनको नेतृत्व परिवर्तन भयो । टिम लिडरका रूपमा आउनुभएका विष्णु तिमिल्सिनाले '*हाम्रो आँगन*' पुनः सुरू गर्न चासो दिनुभो । "मैले बुझ्दा सिविसले स्थापनादेखि गरेका उत्कृष्ट काममध्ये '*हाम्रो आँगन*'को प्रकाशन

पनि एक हो रे । त्यसैले यसलाई सकेसम्म फेरि सुरू गर्नुपर्छ" भन्नुभयो । विसं. २०७०को वैशाखको एक शनिबार सिविसको कार्यालयमा बसेर हामीले कसरी सुरू गर्ने भनेर योजना बनायौं । सिविसमात्र होइन, काठमाडौं नै छाडेर झापा गइसक्नुभएका कमल दाइ पनि खुसीसाथ काम गर्न तयार हुनुभो । सिविसले पनि नयाँ सम्पादन समूह बनायो । फलतः २०७० भाद्रमा '*हाम्रो आँगन*'को तेइसौं अङ्क प्रकाशन भयो ।

त्यसपछि पुनः मेरो जिम्मेवारीमा 'बालककालका कुरा', 'प्रेरक व्यक्तित्व' र भाषा सम्पादन परे । महेश पौड्याल, गोपाल पराजुली र प्रतीक ढकालका बाल्य अनुभव प्रकाशन भए भने मलाला युसाफ्साई, नेल्सन मन्डेला र अङ सान सू कीका जीवनी लेखेर प्रस्तुत गरें ।

**२५.**

अनि आज । '*हाम्रो आँगन*'को पच्चीसौं अङ्क प्रकाशित हुँदै छ । एक पटक बन्द भएर पुनः प्रकाशित यस प्रिय पत्रिकाको एक अङ्ग बन्न पाउँदा गज्जबसँग खुसी लागेको छ । यो खुसी बाँड्दा पुराना सबै साथीहरूलाई सम्झना गरूँ भनेर यो संस्मरण लेख्दै छु ।

कामना गर्न मन लागेको छ कि '*हाम्रो आँगन*'को पचासौं अङ्कमा आजको भन्दा दोब्बर खुसी साट्न पाइयोस् । सयौं, दुई सयौं, चार सयौं अङ्क पुग्दै जाँदा हाम्रा खुसी दोब्बर हुँदै जाऊन् ।

२३ असार २०७१

*दिवाकर प्याकुरेल*
diwapyak@gmail.com

**बालअधिकार सबैको सरोकार**

# मेरो पनि अधिकार छ



किन लोभ गर्छौ बाबा स्कुल पठाउन
मेरो पनि अधिकार छ पढ्न पढाउन ।

टुलुटुलु हेर्छु म त अरू स्कुल गा'का
अरूलाई झैँ मलाई पनि अघि बढाऊ न ।

आमा पनि तिमी मेरो बाबा पनि तिमी
सानिमा त सिपालु छन् काम दलाउन ।

न त खान मिठो दिन्छिन् न त राम्रो नाना
बाबा तिम्रै रगत हुँ म सबलाई बताऊ न ।

*रश्मि असफलको बाल गजल सङ्ग्रह* झिलमिल तारा*बाट साभार*





# बाल क्लबमा यी २५ कुराहरू : यसो गरे कसो होला ?

१) सबैभन्दा पहिले बाल क्लब सदस्यहरूले पालना गर्ने आचार संहिता निर्माण गरौं ।

२) नियमित रूपमा बाल क्लबको छलफल तथा बैठकमा उपस्थित रहौं ।

३) बाल क्लबको छलफल तथा भेलामा सबैको कुरा सुन्ने बानी बसालौं ।

४) आफ्नो विचार राखौं र अरूको विचारको सम्मान गरौं ।

५) सामूहिक छलफलबाट निर्णय गर्ने गरौं ।

६) समयको ख्याल गरौं र सही सदुपयोग गरौं ।

७) बाल क्लबको बैठकले गरेका निर्णयका बारेमा वयष्कसँग छलफल गरौं ।

८) अवसरको सदुपयोग गरौं र अरूलाई समान अवसर प्रदान गरौं ।

९) क्षमता विकासको लागि कार्य जिम्मेवारीको बाँडफाँड गरौं ।

१०) बाल क्लबका सदस्यलाई समुदायको परिवर्तनका संवाहकका रूपमा हेर्ने गरिन्छ । तसर्थ सामाजिक अनुशासनको पालना गरौं ।

११) बालक र बालिका समान हुन्छन् । त्यसैले लिङ्ग आधारमा भेदभाव नगरौं ।

१२) विभिन्न जाति, धर्मका साथीहरूलाई बाल क्लबको सदस्य बन्नका लागि प्रोत्साहित गरौं ।

१३) श्रम क्षेत्रमा रहेका साथीहरूलाई बाल क्लबको सदस्य बन्न प्रेरित गरौं र अवसर प्रदान गरौं ।

१४) बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता जस्ता बालबालिकासँग सम्बन्धित विषयवस्तुलाई समुदायमा स्थापित गर्न हातेमालो गरौं ।

१५) बाल क्लबले पढाइलाई सहयोग पुऱ्याउने हो । त्यसैले पढाइ नभएको र नहुने समयमा मात्र बाल क्लबका गतिविधिहरू सञ्चालन गर्ने गरौं ।

१६) कुनै पनि तालिम, गोष्ठी, सम्मेलनमा सहभागी भएर फर्किएपछि त्यहाँ सिकेका सबै कुराहरू बाल क्लबका अन्य सदस्यहरूलाई सिकाउने काम गरौं ।

१७) आफु सिकौं र अरूलाई पनि सिकाऔं ।

१८) अध्ययन र छलफलका आधारमा निर्णय गर्ने बानीको विकास गरौं ।

१९) सामूहिक छलफल र सहमति अपरिहार्य छ । त्यसैले सो कुराको अभ्यास गरौं ।

२०) दुर्व्यवहारका बारेमा सचेत बनौं र अरूलाई पनि सचेत गराऔं ।

२१) यौन दुर्व्यवहारबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

२२) नराम्रो कुराको विरोध गर्न रचनात्मक शैली अपनाऔं ।

२३) आफूभित्र भएका प्रतिभाको प्रष्फुटन गरौं र आफ्नो क्षमताको विकास गरौं ।

२४) राम्रा कुरालाई आत्मसात् गरौं र नराम्रा कुरालाई त्यागौं ।

२५) सहभागी हुने मात्र होइन, सहभागिता जनाऔं ।

*सुनिता तामाङ, कक्षा ७, डोलेश्वर निमावि*

# विश्व कप फुटबल २०१४का २५ तथ्य

FIFA WORLD CUP
Brasil

१) यसपाली ब्राजिलमा भएको फिफा वर्ल्ड कप २०१४को आधिकारिक नारा "अल इन वान रिदम" अर्थात् "हामी सबै एउटै सुरमा" भन्ने थियो ।

२) विश्व कप २०१४को आधिकारिक चिह्नलाई "क्षलकउष्चबतष्यल" अर्थात् "उत्प्रेरणा" नाम दिइएको थियो । यो चिह्नमा तीन ओटा हातले विश्व कपको ट्रफी बोकेको देखिन्छ । यसले एकता, सद्भाव र ब्राजिलबासीको न्यानो स्वागत गरेको कुरा व्याख्या गरिएको थियो ।

३) ब्राजिल विश्व कप २०१४का खेलहरूमा प्रयोग भएको बलको नाम ब्राजुका थियो ।

४) यो विश्व कपमा पहिलोपल्ट गोल लाइन टेक्नोलोजीको प्रयोग भएको थियो । १४ ओटा क्यामेरा मेनफ्रेम कम्प्युटरमा जडान गरिएको थियो । तिनले गर्दा खेल दौरान बलले गोल लाइन पार गरेमा रेफ्रीले भाइब्रेसनका साथै गोल लेखिएको सङ्केत पाउथे ।

५) यो विश्व कप दक्षिण अमेरिकी महादेशमा ३६ वर्षको अन्तरालमा आयोजना भएको थियो ।

६) दुई ओटा विश्वक कप लगातार युरोप बाहिर आयोजना भएको यो पहिलो पटक हो । गत विश्व कप २०१०को संस्करण दक्षिण अफ्रिकामा भएको थियो ।

७) विश्व कप २०१४ अहिलसम्मकै सबैभन्दा महङ्गो विश्व कप हो । यस विश्व कपका लागि अहिलेसम्म १४-१६ अर्ब अमेरिकी डलर खर्च भइसकेको छ ।

८) यो विश्व कपको पहिलो साङ्केतिक किक् एक ब्राजिलियन पाराप्रेजिक युवाले गरेका थिए । उनले मष्तिष्कले कन्ट्रोल गर्ने लुगा भ्हय(क्पभभितयल क्गष्त लगाएका थिए । यसलाई प्रविधिका क्षेत्रमा महत्वपूर्ण खुड्किला मानिएको थियो ।

९) ब्राजिलको उत्तरी र पूर्व उत्तरी सहरहरूमा अत्यधिक गर्मी हुनाले रेफ्रीले खेललाई २-३ पटक सम्म छोटो समयका लागि खेल रोक्न (कुलिङ् ब्रेक दिन) पाउने अधिकार प्राप्त थियो ।

१०) फिफाले कोकाकोला कम्पनीसँग मिलेर ९० देशमा विश्व कपको ट्रफीको भ्रमण गराएको थियो । यस भ्रमणका दौरान विश्व कप ट्रफीलाई काठमाडौँमा डिसेम्बर २१, २०१३का दिन राष्ट्रपति रामवरण यादवले प्रदर्शन गर्नुभएको थियो ।

११) यो विश्व कपमा खेल्ने टिमहरूमध्ये ब्राजिल सबैभन्दा महङ्गो टिम हो । त्यसपछि स्पेन र अर्जेन्टिना पर्दछन् ।

१२) अर्जेन्टिनाका लियोनेल मेसी सबैभन्दा महङ्गा खेलाडी हुन् । उनीपछि पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र ब्राजिलका नेइमार महङ्गा खेलाडी हुन् ।





१३) यस पटक फाइनल खेलमा विजयी हुने राष्ट्रिय टिमले ३ करोड ५० लाख अमेरिकी डलर, उपविजेताले २ करोड ५० लाख अमेरिकी डलर र तेस्रो टिमले २ करोड २० लाख अमेरिकी डलर प्राप्त गरेका थिए ।

१४) यस विश्व कपको संस्करणमा कुनै पनि स्केन्डिनाभियन देश छनोटमा पर्न सफल भएनन् ।

१५) बोस्निया हर्जगोभिनाले यस वर्ष पहिलो पटक विश्व कपमा सहभागिता जनाएको थियो ।

१६) विश्व कप २०१४मा ६ महादेशका २५ जना रेफ्रीहरू परिचालित भएका थिए ।

१७) विश्व कप २०१४मा खेलका दौरानमा अमेरिकी, इटाली र मेक्सिको देशका टिमहरूले १४,००० किमीभन्दा धेरै यात्रा गरेका थिए ।

१८) फिफाले पहिलो पटक वास्तविक सुनको ट्रफी सन् १९७४ को विश्व कपमा प्रदान गरेको थियो ।

१९) जर्मन टिमले आफ्नो माग पूरा गर्न ब्राजिलमा एउटा ठुलो कम्प्लेक्सको निर्माण गरेको छ । क्याम्प बाहिया नाम गरेको सो कम्प्लेक्समा १३ घरहरू, ६५ कोठाहरू, तालिम सुविधाहरू, फुटबल मैदान, रेस्टुरेन्ट इत्यादि छन् ।

२०) यो विश्व कप २०१४ को आधिकारिक गीत ूभ बचभ इलभू अर्थात् "हामी एक हौँ" हो ।

२१) विश्व कप २०१४ ब्राजिलमा भएको यो दोस्रो अवसर हो । यसअघि सन् १९५०मा चौथो विश्व कप भएको थियो ।

२२) यो विश्व कपमा प्रमुख दाबेदार मानिएका स्पेन, इटली र इङ्ल्यान्ड समूह चरणबाटै बाहिरिएका थिए ।

२३) अरू प्रमुख दाबेदार मानिएका दुई देश आयोजक ब्राजिल र नेदरल्यान्ड सेमिफाइनलमा क्रमशः जर्मनी र अर्जेन्टिनासँग पराजित भए ।

२४) यो विश्व कपलाई एक हिसाबले युरोप र दक्षिण अमेरिकाको भिडन्त भनेर पनि व्याख्या गरियो । प्रि क्वार्टर फाइनलमा पुग्ने १६ देशमध्ये ८ युरोप र ८ दक्षिण अमेरिकी महादेशका थिए । त्यस्तै क्वार्टर फाइनलमा पुग्ने ८ देश मध्ये ४ युरोप र ४ दक्षिण अमेरिकी महादेशका थिए । सेमिफाइनलमा पुग्ने ४ देश मध्ये दुई युरोप र २ दक्षिण अमेरिकी महादेशका थिए भने फाइनलमा पुग्ने २ देश मध्ये १ युरोपको जर्मनी र एक दक्षिण अमेरिकी महादेशको अर्जेन्टिना थियो ।

२५) विश्वकप फुटबल २०१४ मा जर्मनले अर्जेन्टिनालाई पराजित गर्दै विश्व विजेता बन्यो ।

*(स्रोत : विविध वेब्साइटहरू)*

# चुट्किला

आमा : ए छोरा ! यो मिठाई जहाँ राखे पनि कमिलाले हैरान बनायो । के गर्ने होला ?

छोरा : चिन्ता नगर्नुस् आमा । कमिलाले कहिल्यै नभेट्ने ठाउँ मलाई थाहा छ ।

आमा : कहाँ छ त्यस्तो ठाउँ ?

छोरा : मेरो पेटमा ।

*सुमन तामाङ, कक्षा ७, डोलेश्वर निमावि*

---

शिक्षक : भन त राम, भानुभक्तलाई किन आदिकवि भनिएको हो ?

विद्यार्थी :किनकि भानुभक्तका सबै मूर्तिहरू आधामात्र भएकोले ।

*सम्झना परियार, कक्षा ९, डेडीथुम्का उमावि*

# २५ रोचक जानकारी

१) संसारमा ३,९६४ भाषाहरू बोलिन्छन् ।

२) विश्वमा धेरै आलु उत्पादन गर्ने देश जर्मनी हो ।

३) आइसल्यान्डमा सर्प पाइँदैन ।

४) सबैभन्दा बढी रक्तचाप हुने प्राणी जिराफ हो ।

५) आँखाबाट झर्ने आँसुमा सोडियम क्लोराइड भन्ने ग्यास पाइन्छ ।

६) नोट (मुद्रा)को बीचमा हुने सेतो धागो सिल्भर दि मेटाराइट हो ।

७) विश्वको सबैभन्दा ठुलो अस्पताल न्यु योर्कको विलग्रिम स्टेट अस्पताल हो ।

९) छुने बित्तिकै मृत्यु हुने माछा स्टोन फिस हो ।

१०) विश्वको सबैभनदा कम उमेरका पाइलट जान हिल (११ वर्ष) हुन् ।

११) हिरा "बबिन" भन्ने तत्वबाट बनेको हुन्छ ।

१२) बेलायतको अधिकृत क्याप्टेन प्राप्त गर्ने पहिलो नेपाली सेना उपरथी आदित्य शम्शेर जबरा हुन् ।

१३) नेपालको सबैभन्दा अग्लो झरना तेह्रथुम जिल्लामा पर्छ ।

१४) मानिसको नाकभित्रको रौँलाई सिमा भनिन्छ ।

१५) नफुटिकन प्रयोगमा नआउने चिज अन्डा हो ।

१६) उदाएरै निदाउन सक्ने जीव घोडा हो ।

१७) कमिलाका ५ ओटा नाक हुन्छन् भने मौरीका ५ ओटा आँखा हुन्छन् ।

१८) घडीका सबै अङ्कहरू जोड्दा ७८ हुन्छ ।

१९) औँलाको रौँलाई पाजी भनिन्छ ।

२०) विश्वमा सर्वप्रथम प्रहरी सेवाको सुरूवात बेलायतबाट भएको हो ।

२१) खजुर भन्ने वनस्पतिको कहिल्यै पात खस्दैन ।

२२) सङ्गीतमा एम्.ए. गरेको व्यक्तिलाई सङ्गीत प्रवीण भनिन्छ भने बीए गरेकालाई विसारद भनिन्छ ।

२३) फुटबल खेल खेल्ने स्थानमा १७ ओटा सिधा रेखा हुन्छन् ।

२४) कुमाल जातिमा बिहे गर्दा दुवै पक्षका सम्धी लडाइँ गर्छन् ।

२५) कोइली चराको स्वरलाई पञ्चम भनिन्छ ।

बालबालिकाविरूद्ध कुनै पनि हिंसा, दुर्व्यवहार भएमा र मनोसामाजिक समस्या देखा परेमा सम्पर्क गर्नुहोस्

सम्पर्क फोन

**१६६०–०१–१००००**

वा

**१०९८**

यो नम्बरमा नेपालभरि जहाँबाट फोन गरे पनि पैसा लाग्दैन ।





# २५ रोचक तथ्यहरू

१) उँटको पीठ बाहिरबाट एकदम घुमेको देखिन्छ । तर यसको मेरूदण्ड एकदम सिधा हुन्छ ।

२) पोथी स्टार फिसले प्रत्येक वर्ष २० करोड अन्डा पार्छ ।

३) अमेरिकी नागरिक रोबर्ट पर्सिङ् २ मिटर ७२ सेमी अग्ला थिए । उनी नै आजसम्मका सबैभन्दा अग्ला मानिस मानिन्छन् ।

४) आजसम्म धेरै र छिटो केरा खाने रेकर्ड क्यालिफोर्निया निवासी एकजना डाक्टरका नाममा छ । उसले २ मिनेटमा १७ ओटा केरा खाएर यो रेकर्ड बनाएका थिए ।

५) नेपालमा ज्वालामुखीको एक मात्र चिह्न दैलेख जिल्लाको दुल्लु भन्ने ठाउँमा छ ।

६) नर्वेमा मध्य रातमा सूर्य देखिन्छ ।

७) नेपालको अरूण नदी संसारकै सबैभन्दा अग्लो स्थानबाट सुरू हुने नदी हो ।

८) क्यानाडामा एउटै सडक १९०० किमी लामो छ ।

९) मानिस ९० वर्षको हुँदा उसको हृदयले जति रगत पम्प गर्छ, त्यो मात्रा उसैको २० वर्षको उमेरमा गरिएको रक्त पम्पभन्दा आधा कम हुन्छ ।

१०) पुरूषका दाह्रीका रौँहरू त्यति नै मोटाइका तामाका तारभन्दा बलिया हुन्छन् ।

११) मानिस मुस्कुराउँदा १७ मांशपेसीहरूको आवश्यकता पर्दछ भने क्रोधित हुनका लागि ४३ मांशपेसीहरूको आवश्यकता पर्दछ ।

१२) खाना कम खानेभन्दा आवश्यकताभन्दा कम सुत्ने मानिसको मृत्यु छिटो हुन्छ ।

१३) काठमाडौँस्थित बालाजु निवासी रोहित तिमिल्सिनाले २१ ओटा टेनिस बल एउटा हातमा १४ सेकेन्डसम्म अड्याएर गिनिज बुकमा रेकर्ड राखेका छन् ।

१४) अङ्ग्रेजीका ३ अक्षरहरूको शब्द 'सेट' (Set) सबैभन्दा धेरै अर्थ र ठाउँमा प्रयोग हुने शब्द हो । यो शब्द नामका रूपमा ५८, क्रियाका रूपमा १२६ र विशेषणका रूपमा १० गरी १९४ ओटा अर्थ लाग्छन् ।

१५) रातभर पढ्नेभन्दा रातमा ठिक समयमा सुतेर दिनमा पढ्ने मानिस बढी सफल हुन्छ । वैज्ञानिक अध्ययनका अनुसार धेरै पढ्ने भनेर रातभर पढ्दा स्मरण शक्ति कमजोर हुन्छ ।

१६) ६० वर्षको उमेरसम्म आइपुग्दा एकजना मानिस २० वर्ष सुतिसकेको हुन्छ । अर्थात् मानिस आफ्नो जीवनको एक तिहाइ समय सुतेर बिताउँछ ।

१७) तीव्र ज्वरो छिटो कम गर्न टाउकोमा चिसो पानी राख्ने गरिन्छ । शुद्ध पानीले भन्दा अल्कोहल मिसिएको पानीले छिटो ज्वरो कम गर्न सक्छ ।

१८) हरियो रङ्को चस्मा लगाएर रातो रङ्को गुलाबको फूललाई हेर्ने हो कालो देखिन्छ ।

१९) आर्मी भनेको मानव सेना हो । तर, भुसिलकिराको समूहलाई पनि आर्मी भनिन्छ ।

२०) टाइगर सार्क माछाका बच्चाहरू जन्मनासाथ सिकार गर्न सुरू गर्छन् ।

२१) करेत सर्पलाई हालसम्मको सबैभन्दा विषालु सर्प मानिएको छ । यसका विषको आधा मिलिग्राम एउटा वयष्क व्यक्ति मार्नका लागि पर्याप्त हुन्छ ।

२२) एक महिनाभन्दा कम बाँच्ने झिँगाको पोथीले आफ्नो जीवन कालमा २ हजारभन्दा बढी अन्डा पार्छ ।

२३) सर्पले टोकेको उपचारका लागि सर्पकै विषबाट प्रतिविष बनाइन्छ । एक किलो सुख्खा विष तयार गर्नाका लागि १०,००० जति सर्पहरूको आवश्यकता पर्दछ ।

२४) गैंडाको सिङ् हुन्छ भनिन्छ । तर वास्तवमा सिङ्जस्तो देखिने उसको त्यो अङ्ग सिङ् नभएर त्यसका कडा रौँहरूको गुच्छा मात्र हो ।

२५) हालसम्मको अध्ययन अनुसार कुनै पनि पङ्क्षीको दसौँ अन्डा पहिलेका अरू नौओटा अन्डाभन्दा अलिक ठुलो हुन्छ ।

# २५ गाउँ खाने कथा

१) तीन भाइका वरिपरि बाह्र जना सैनिक
दिन र रात छुट्याउने काम छ दैनिक ।
के हो ?

२) लामकाने बाखाको झम्कने कान
लौलौ भाइ बल गरी तान । के हो ?

३) पाँच दाजुभाइका एउटै थाल
के होला साथी यस्तो कमाल । के हो ?

४) सानी सानी सुकुमारी घ्याम्पो जत्रो पेट
कहाँ बसी मोटाइस् भिर पहरा लेक । के हो ?

५) आङ्खुडे बाङ्खुडे टाङ्खुडे टाइँ
आँखा त ट्वालट्वाल मुन्टै नाइँ । के हो ?

६) बाहिर बोक्रो भित्र लेउ, लेउभित्र काठे ठेउको ।
के हो ?

७) कोसीको पानी बेसीको खेत
चारजना बाउसे कोदाली एक । के हो ?

८) आरमादीको सेरोफेरो पहेँलपुरे धान
चैत मास दुधे मकै के हो चलन जान ।
के हो ?

९) पानी परे गली जा, माटो परे कुही जा
झगडाको कुम्लो बोकी, कचहरीतिर जा ।
के हो ?

१०) बाहिर हाडैहाड भित्र आँसु
लगेर देऊ खुसी होलिन् सासू । के हो ?

११) समातेर कोचाउँदा खाइदिन्छ दाना
टुप्पी समाई घुमाउँदा दाना पार्छ साना ।
के हो ?

१२) कान छ सुन्न सक्दैन, कोठामा बस्छ हिँड्न
सक्दैन, सबैलाई हेर्छ बोल्न सक्दैन । के हो ?

१३) काठको कट्याङकुटुङ काठकै सोइला
अघि लागे रामलक्ष्मण पछि लागे पाइला ।
के हो ?

१४) छिपछिपे पानी गौरीघाट, बत्तीस टुसा एउटै
पात, पाउँछ यसले हाम्रै साथ । के हो ?

१५) टाङमुनि बग्छ पानीको भेल, पिठ्युँमा बोक्छ
लामो रेल । के हो ?

१६) ठ्याप्प पाइला ल्याप्प कान दुईतिर पुच्छर,
के हो यो लौ अब जान ?

१७) जवानीमा हरियोपरियो बुढेसकालमा रातो
बुढो भनी हेप्यो भने खान्छ त्यसले सातो ।
के हो ?

१८) स्वर्गको लिस्नो धर्तीको आड
आगोको कलेजो पानीको हाड । के हो ?

१९) कालाकाला पिर्कामाथि जन्ती बसेका,
भोलिपल्ट हेर्दाखेरि उठी गएका । के हो ?

२०) औँलाको टोपी, हातको सान, जति काट्यो
त्यति बढ्ने हो । के हो ?

२१) आफू छ डल्ले, कराउँछ बलले, भन्छ उत्तर
पहिला कल्ले ?

२२) सानो लामो ढुङ्ग्रीमा भरिएको रस
थुतुनालाई जोत्न जाने फैलाउँछ यश ।
के हो ?

२३) आँखा छ देख्दैन, कान छ सुन्दैन, मान्छे हो
बोल्दैन, चल्दा नि चल्दैन । के हो ?

२४) नानी हेर्दा सानीसानी कम्मरमा सुर्के चन्दन ।
के हो ?

२५) घर मेरो छैन वनमा चाहार्छु, बच्चा काढ्न
पर्छ फुल अन्तै सार्छु । के हो ?

उत्तरहरू : १)घडी, २)हरियो मुला, ३)हात, ४)किर्नु, ५)गँगटो, ६)लप्सी, ७)कलमले लेखेको, ८)सिमल, ९)कागज, १०)कछुवा, ११)जाँतो, १२)तस्बिर, १३)गोरू जोतेको, १४)जिब्रो, १५)पुल, १६)हात्ती, १७)खुर्सानी, १८)इन्द्रेणी, १९)तारा, २०)नङ, २१)शङ्ख, २२)कलम, २३)सालिक, २४)मास, २५)कोइली





# पुस्तकालय र यसको उपयोगिता



सार्वजनिक रूपमा इच्छुक पाठकहरूले विभिन्न सर्तमा पढ्न पाउने नियम बनाई विभिन्न पुस्तकहरूको सङ्ग्रह गरेर राखिएको घर वा ठाउँ नै पुस्तकालय हो । पुस्तक ज्ञान, विज्ञान, तर्क, कल्पना आदिका कुराहरू समेटेर लेखिएका हुन्छन् । त्यस्ता महत्वपूर्ण कुराहरूको सङ्ग्रह गरेर बनाएको पुस्तकालय विश्वभरि नै महत्वपूर्ण रहने गरेको छ ।

मानिसमा हुने विवेक र बुद्धिले नै विश्वमा पुस्तकालयको स्थापना हुन सम्भव भएको हो । पुस्तकालयबाट हामीले धेरै कुराहरू प्राप्त गर्न सक्छौँ । पुस्तकालयभित्र प्रवेश गरिसकेपछि मानिसहरूले आफूले चाहेका पुस्तकको अध्ययन गर्न सक्छ । पुस्तकहरूका बारेमा एउटा उक्ति छ, "असल पुस्तकहरू नै सर्वोत्तम मित्र हुन् ।" पुस्तकहरूसँग गाँसिएको मित्रतामा मान्छेसँग गाँसिएको जस्तो स्वार्थको अवशेष बगेको हुँदैन । पुस्तक अध्ययन गरिसकेपछि मानिसले धेरै ज्ञान तथा सीप आर्जन गर्न सक्छन् । त्यो ज्ञान सीप न त कसैले खोस्न सक्छ, न त चोर्न नै सक्छ । जो मान्छेले पुस्तक र पुस्तकालयको महत्व बुझेको हुन्छ त्यो नै महान् बन्न सक्छ । प्रसिद्ध नाटककार जर्ज बर्नाड सा भन्दछन्, "विचारहरूका युद्धमा पुस्तकहरू नै असल हुन् ।"

नेपालमा कीर्तिपुरको त्रिभुवन विश्वविद्यालयभित्र रहेको केन्द्रीय पुस्तकालय सबभन्दा ठुलो सार्वजनिक पुस्तकालय हो । नेपालका अन्य प्रसिद्ध पुस्तकालयहरूमा केशर पुस्तकालय, नेपाल भारत सांस्कृतिक केन्द्र पुस्तकालय, मदन पुरस्कार पुस्तकालय आदि हुन् । विभिन्न विद्यालय, महाविद्यालय र कार्यालयहरूमा पनि पुस्तकालय स्थापना गरिएका छन् ।

जहाँ जस्तोसुकै स्थानमा भए पनि पुस्तकालयमा गएर आफूले चाहेका विषयवस्तु समेटिएको पुस्तकको अध्ययन गर्ने बानी गर्नाले पाठकको क्षमता विकास हुने कुरामा कुनै शङ्का छैन । तसर्थ पुस्तकालयको भ्रमण गरौँ र अध्ययन गर्ने बानीको विकास गरौँ ।

*सुष्मा भण्डारी, कक्षा ६*

# पढाइ छाडेको २८ वर्षपछि एसएलसी पास गर्दाको खुसी

*हिरादेवी तिमिल्सिना, नयाँ बानेश्वर*

धेरैले जीवन सोचेजस्तै हुँदैन भनेर भन्छन् । मेरो जीवन पनि सधैँ सोचेजस्तो हुने कुरा त भएन । तर दृढ इच्छा भयो भने सोचेका कुरा धेरै पूरा हुने रहेछन् । नत्र आर्थिक कमजोरीले २८ वर्ष अगाडि पढाइ छाडेकी म कसरी आज एसएलसी पास हुन सक्थेँ ?

मेरो जन्म विसं. २०२६ साल कार्तिक २९ गते शुक्रबारका दिन सिन्धुली जिल्लाको खाङ्साङ्गमा भएको हो । आमा सोझी भएका कारण मेरो बाल्यकाल निकै कष्टपूर्वक बित्यो । निर्जन ठाँउमा हामी बस्थ्यौँ । वरिपरि बोलाउँदा सुनिने ठाँउमा कुनै घर बस्ती थिएनन् । हामी तीन आमा छोरी मात्र थियौँ । आमा रातभरि आगो बालेर बस्नुहुन्थ्यो ।

म करिब ८ वर्षकी हुँदा हामी सिन्धुलीकै सोखुटारमा सर्‍यौँ । यस अघिसम्म मेरा कोही पनि साथी थिएनन् । आमा र दिदी बाहेक कसैलाई चिनेकी थिइँन । जङ्गलमा घाँस काट्न जाने मान्छे फाट्टफुट्ट मात्र देखेकी थिएँ । एकै चोटि गाँउमा आउँदा र थुप्रो मान्छे देख्दा अनौठो लाग्यो ।

त्यहाँ नजिकै स्कुल रहेछ, तर आमालाई पढाउनुपर्छ र मलाई पढ्नुपर्छ भन्ने थाहा थिएन । कुमार काकाले मलाई स्कुल भर्ना गरिदिनुभयो । काकाले नै किताब, कापी र पेन्सिल दिनुभएको थियो । जङ्गलबाट गाँउमा आएकी म साथीहरूसँग स्कुल जान र खेल्न पाउँदा औधी खुसी भएँ । छ-छ महिनामा कक्षा चढेर एक वर्षमा नै दुई कक्षाको परीक्षा दिएँ । प्रथम भएँ । घर नजिकको स्कुलमा तीन कक्षामात्र सञ्चालन भएकाले तीन कक्षा सम्मको पढाइ पुरा भएपछि मेरो पढाइ रोकियो, तर मेरो पढ्ने रहर मेटिएको थिएन । मेरा छ सात जना साथीहरू अर्को स्कुलमा पढ्न जान्थे । म साथीहरू पढ्न गएको हेरेर रोइरहन्थेँ ।

त्यसको एक वर्ष पछि छिमेकी साथी सरस्वती अधिकारीसँग भागेर स्कुल गएँ । मसँग किताब, कलम, कापी केही पनि थिएन । सरस्वतीले कापीका पाना र अर्की साथीले पुरानो कलम दिएको सम्झना अहिले पनि ताजै छ । यसै गरी अमला, तित्री साथीहरूलाई दिएर कापीका पाना र कलम मसीको जाहो गर्थेँ । त्यस बेला सिटामोल जस्तो मसीको ट्याब्लेट पाँच पैसामा पाइन्थ्यो, तर त्यति किनिदिने पैसा पनि मेरी आमासँग थिएन । चार र पाँच कक्षामा फी तिर्नु पर्दैनथ्यो । तर छ कक्षामा प्रति महिना १० रूपैयाँ फी तिर्नुपर्थ्यो । कापी नै किन्न नसक्ने मेरी आमाले फी कसरी तिर्नु ? मैले दसैँ बाहेक कहिल्यै नयाँ लुगा लगाउन पाइँन । साथीहरू चप्पल लगाएर हिड्थेँ । साथीका नयाँ चप्पल देख्दा मैले पनि यस्तो लगाउन पाए हुन्थ्यो भन्थेँ । एक जोर मात्र कपडाले वर्षभरि बिताउनु पर्थ्यो भने चप्पलको कुरा धेरै टाढाको थियो । साथीले किन यस्तो फाटेको लुगा लगाएको भन्दा म रून्थेँ । मेरो फाटेको लुगा देखेर साथीहरू हाँस्दा लाजले एक्लै हिँड्ने गर्थेँ । छ कक्षासम्म पढ्दा किताब, कापी, कलम किन्ने र समयमा फी तिर्ने पैसा भएन ।





त्यस बेला भद्राकुमारी घले हाम्रो गाँउमा आउनुभएको थियो । मैले आफैले रचेर ***गाँउमा स्कुल खोलिदेउ*** भन्ने कविता सुनाउँदा उहाँका आँखा रसाए । उहाँले मलाई पाँच रूपैयाँ दिनुभयो । त्यो पैसाले मलाई छ कक्षामा कापी, कलम र मसी किन्न सहयोग भएको थियो । किताब चाँहि साथीसँग मागेर पढ्थेँ । खाजा खाने समयमा साथीहरू खेल्थे भने म चाहिँ भोलि पढ्ने पाठ कापीमा सारेर बस्थेँ ।



छ कक्षाबाट सात कक्षामा जाँदा तेस्री भएँ । भर्ना फी दुई सय रूपैयाँ र मासिक फी १३ रूपैयाँ लाग्थ्यो । आमाले कुखुराका माउ चल्ला बेचेर २५ रूपैयाँ दिनुभयो । त्यो पैसा बुझाएर अर्ध वार्षिक परीक्षा दिएँ । अर्ध वार्षिक परीक्षापछि गर्मी बिदा भयो । म ठुली भइसकेकी थिएँ । स्कुल जान सकिने मेरा लुगा थिएनन् । त्यसपछि म स्कुल जान पाइँन । म अहिले पनि सम्झन्छु कि स्कुल जान सकिने लुगा भएका भए म स्कुल जाने नै थिएँ । स्कुल जान नपाएपछि म धेरै रोएँ । रून त कति रूएँ कति । यसपछि मेरो काम घाँस काट्ने र बाख्रा हेर्ने भयो । करिब दुई वर्ष मैले रोएरै बिताएँ । मेरो आँसुको मर्म बुझिदिने कोही भएनन् ।

यसैबीच विसं. २०४४ साल वैशाख २४ गते ओखलढुङ्गाको टोक्सेलमा मेरो विवाह भयो । विवाहपछि खाने लाउने समस्या समाधान भए । मानसिक पिडा भएन । श्रीमान्ले शिक्षकको जागरि पाउनुभो । श्रीमान्सँग पढ्ने इच्छा राखेकी थिएँ । अनुकुल समय आएछ भने पढौँला भन्नुभएको थियो । हाम्रा दुई छोरा भए । छोराहरूको शिक्षाका लागि विसं. २०५९ सालमा हामी काठमाडौँ बसाइ सर्‍यौँ । दुबै छोरा कलेज पढ्न थाले ।

पछि विसं. २०६८ साल चैत्रमा श्रीमान्ले मलाई उत्प्रेरणा महिला माध्यमिक विद्यालय, तीनकुने, सुविधानगर काठमाडौँमा लगेर कक्षा ९ मा भर्ना गरिदिनुभयो । पढाइ छाडेको २६ वर्ष पछि मेरो पढाइको क्रम फेरि सुरू भयो । म फी तिर्न नसकेर, किताब, कापी, कलम किन्न नसकेर पढाइ छोडेकी मान्छे । पछि त फी पनि समयमा नै तिरेँ । किताब, कापी, कलम, झोला नयाँ-नयाँ पाँउदा विगतलाई सम्झेर म हर्षले रोएकी थिएँ । पढ्न थाले पछिघरमा पहिले गर्दै आएका भान्साको काम, लुगा धुने काम गर्न पनि श्रीमान्ले अरू नै व्यवस्था मिलाइदिनुभयो । घरमा नै ट्युसनको व्यवस्था पनि । घरमा सासू ससुराज्यू, नन्द देवर, छोराहरूबाट पनि राम्रो सहयोग पाएँ ।

अध्ययनमा लामो अन्तराल भएकोले दिमाग एकाग्र गर्न सुरूमा गाह्रो भयो । कक्षा कोठामा सुरूसुरूमा आँखाले अगाडि हेरे पनि मन अन्तै गएजस्तो लाग्थ्यो । पछि बिस्तारै एकाग्रता हुन थाल्यो । अङ्ग्रेजी, गणित सिक्न गाह्रो भयो । म विद्यालय जान थालेको देखेपछि एउटै घरमा बस्ने सुर्खेतकी मीना शाहीले पनि पढ्ने इच्छा गर्नुभयो । दुई जना एउटै घरमा बस्ने भएकोले विद्यालय जान, आउन, तथा घरमा पढ्न निकै सजिलो भयो । विद्यालयमा मेरै उमेरका साथीहरू श्रीमाया मोक्तान, मन्जली महर्जन, रीता फुँयाल, उषा थापा, धना मगर, अनिता तामाङ, माधवी भट्ट, नवीना राई, दुर्गा विष्ट, ममता खत्री तथा शीतल लामा लगायतका थुप्रै साथीहरू उस्तै उमेरका भएकोले पढ्ने वातावरण पनि रमाइलो नै भयो । महिला मात्र पढाइने भएकाले हरेक वर्ष तीजको कार्यक्रम आयोजना गरिन्थ्यो । गत वर्षको तीजमा मैले आफ्नै रचनामा यो गीत गाएकी थिए,

जसले मलाई विद्यालयमा राम्रो परिचय गराएको थियो ।

झोला भित्र किताब कापी औषधिको पोको छ ।

उच्च शिक्षा हासिल गर्ने साह्रै धोको छ ॥

विद्यालयमा गौरा उप्रेती, सुमित्रा मैनाली, मीना चौलागाईँजस्ता परिपक्क विदुषीहरूबाट पढ्न पाउँदा निकै रमाइलो भयो । विद्यालयमा पढाइ राम्रोसँग हुन्थ्यो । कुनै पनि दिन म्याम सर आउनु भएन भनेर खाली बस्नुपरेन । पाका महिलालाई मात्र पढाइने यस विद्यालयमा आएर शिक्षाको ज्योतिबाट वञ्चित सबै दिदीबहिनीहरू आएर ज्ञान आर्जन गर्नुभए हुन्थ्यो भन्ने मेरो आग्रह छ ।

यही विद्यालयका म्याम, सरहरूको तथा आफ्नो परिश्रमले पढाइ छोडेको २६ वर्षपछि विद्यालय भर्ना भएर प्रथम पटकमा नै एस्एल्सी पास गर्न सफल भएँ यस वर्ष । मसँगै १५जना साथी एस्एल्सी पास भयौँ हाम्रो विद्यालयबाट । एस्एल्सीको परिणाम प्रकाशनपछि टेलिभिजन, रेडियो र पत्रपत्रिकामा मेरो बारेमा समाचार प्रकाशन र प्रसारण भए । विभिन्न मानिसहरूले फेसबुकमा खबर सेयर गर्नुभो । आफन्त, शुभचिन्तक तथा नचिनेका मानिसहरूबाट समेत सयौँ बधाइका सन्देशहरू आए ।

यसका लागि मेरो परिवार तथा सबैप्रति आभारी छु । सबैलाई धन्यवाद छ । म औधी नै खुसी छु । मैले सात कक्षामा पढाइ छोड्दा सोचेको भन्दा राम्रो जीवन जिएकी छु । एस्एल्सी फेल भएर वा अन्य कारणले पढाइ छाड्नु पर्दा चिन्तित नहुन सबै भाइबहिनीहरूलाई अनुरोध गर्दछु । रातपछि दिन आएजस्तै दुःखपछि सुख अवश्य आउने रहेछ । प्रयास जारी राख्नु पर्छ । आफूमा विश्वास गर्नुपर्छ । हरेस खानु हुँदैन ।

नेपालको कानुन अनुसार हाल ४० वर्ष नाघेपछि सरकारी सेवामा प्रवेश पाइँदैन । तर यो उमेरमा कठोर परिश्रम गरी सफल हुने महिलाहरूका लागि पनि सरकारी वा ग्रैह सरकारी क्षेत्रले केही विशेष व्यवस्था गरी दिए हुने थियो भन्ने लागेको छ । यसो भयो भने हामीजस्ता महिलाहरूका लागि ठुलो प्रोत्साहन हुने थियो । ■

# कुम्भेश्वर बाल क्लब



हामी कुम्भेश्वर निम्न माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सहभागितामा हाम्रो विद्यालयमा कुम्भेश्वर बाल क्लबको गठन गरेका छौँ । हाम्रो बाल क्लब ललितपुर उपमहानगरपालिका वडा नं. २२ कुम्भेश्वर भन्ने ठाउँमा पर्छ ।

वि.सं. २०६८ सालमा पहिलो पटक हाम्रो विद्यालयमा बाल क्लबको गठन भएको हो । सो बाल क्लब २०७१ साल वैशाख १० गते पुनर्गठन भयो । हाल उक्त बाल क्लबको कार्यसमितिमा ६ जना बालिका र ३ जना बालक गरी ९ जना साथीहरू सदस्यका रूपमा काम गर्छौं ।

हामी बाल क्लबमा रहेर विद्यालयभित्र विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने गर्छौं । हामीले बाल अधिकार, बाल संरक्षण, बाल श्रम, हिंसा तथा दुर्व्यवहारबारे सचेतना जस्ता कार्यक्रमहरू आयोजना गर्ने गरेका छौँ । यसले गर्दा हामीलाई आफ्ना सामाजिक विषयवस्तुहरूमा जानकारी प्राप्त गर्न सहज भएको छ । अहिले हामी अन्य साथीभाइ, घरपरिवार र छरछिमेकीलाई पनि यसबारे आफूले जानेका कुरा भन्न सक्ने भएका छौँ ।

हामी हाम्रा सबै कुरा शिक्षक शिक्षिकालाई भन्न सकिरहेका हुदैनौँ । हामी विद्यार्थीहरूबीच पनि कतिपय समस्याहरू परिरहेका हुन्छन् । हाम्रा





समस्या, हामीमाथि हुने हिंसा, दुर्व्यवहारका कुरा हामी आफूआफूबीचमा छलफल गर्छौं । अरू साथीहरूले पनि बाल क्लबमा सजिलै आफ्ना कुराहरू राख्न सक्नुहुन्छ । हामी समूहमा राख्दा सुनुवाइ पनि छिटो र सहजै भएको महसुस गरेका छौँ । समग्र रूपमा विद्यार्थीको कुराहरू शिक्षक शिक्षिका र विद्यालय प्रशासनमा राख्दा उहाँहरूलाई पनि काम गर्न, पठनपाठन गर्न गराउन र विद्यार्थीका बारेमा थाहा पाउन सजिलो भएको छ । त्यस्तै हाम्रो विद्यालयमा आउने नयाँ कार्यक्रमका सूचनाहरू पनि बाल क्लब मार्फत् नै आउने हुँदा यो सूचनाको सम्प्रेषणको माध्यम पनि बनेको छ ।

हामीले बाल क्लबको माध्यमबाट बाल अधिकार, बाल संरक्षण, हिंसा, दुर्व्यवहार, बाल कर्तव्य लगायतका कुराहरू थाहा पाएपछि सबै साथीहरूलाई पनि बुझाउने, सचेत रहने र विद्यार्थीभित्र रहेका प्रतिभालाई प्रष्फुटन गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै आइरहेका छौँ । हाम्रो बाल क्लबको नेतृत्वमा विद्यालय स्तरीय बाल अधिकार सम्बन्धी विषयवस्तु झल्किने चित्रकला प्रतियोगिताको आयोजना गरेका थियौँ । त्यस्तै बाल श्रम शोषण, भेदभाव र लागू पदार्थ सेवन गर्नेको अवस्था, कारण र असरबारे जनचेतनामूलक नाटक, बाल हिंसा विरूद्ध निबन्ध प्रतियोगिता, बाल अधिकार र बाल कर्तव्य सम्बन्धी वक्तृत्वकला प्रतियोगिताको पनि आयोजना गरिएको छ । अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका लागि पनि बाल दुर्व्यवहार सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको छ ।

हामीले विभिन्न प्रकारका आचार संहिताहरू निर्माण गरेका छौँ । कक्षाकोठामा टाँसेका आचार संहिता सबैले पालना गर्ने गरेका छौँ ।

बाल क्लबको सदस्य बनेपछि हरेक गतिविधिमा हामी सचेत हुने गरेका छौँ । आफ्ना विचारहरू खुलेर राख्न सक्ने भएका छौँ । विद्यालय र सङ्घसंस्थाबीचको सम्बन्धको बारेमा थाहा पाउने भएका छौँ । हड्बडाउने, डराउने, आत्तिने बानी कम भएको छ । सहकार्यको महत्त्व र त्यसबाट हात पर्ने उपलब्धिबारे पनि जानकार भएका छौँ र महत्त्वपूर्ण कुरा आफ्नो क्षमता, प्रतिभा र कलाको प्रदर्शन गर्ने थलो पाएका छौँ ।

कुम्भेश्वर बाल क्लबका वर्तमान कार्य समिति सदस्य

अध्यक्ष : किशोर कटुवाल

उपाध्यक्ष : निलिमा घिमिरे

सचिव : प्रतिमा आले मगर

कोषाध्यक्ष : रेजिना लामा

सदस्य : सफल घोरासैनी

सदस्य : सुनिल तामाङ्

सदस्य : सुस्मिता नेपाल

सदस्य : अनिता कार्की

सदस्य : रीता वि.क.

संरक्षक शिक्षक : सुशीला कार्की ■

# चुट्किला

पैसा : झगडाको बिउ

हत्केला : खैनी पिस्ने जाँतो

बिरालो : खिइएको बाघ

जुन : ओसिएको घाम

जुँगा : नाक र मुखको सीमाना

तास : बेरोजगारीको ऐना

नाक : चश्माको स्ट्यान्ड

बाँसघारी : सारौँटेहरूको म्युजिक हाउस

सुपारी : दाँतको खेलौना

संसद् : सांसद्हरूको रोदी घर

# बाल श्रमलाई अस्वीकार गरौं



सोह्र वर्ष वा सोभन्दा कम उमेरका बालबालिकालाई घरायसी काम, होटल वा अन्य कुनै पनि क्षेत्रमा काम लगाउनु बाल श्रम हो । बाल श्रमले बालबालिकाको चौतर्फी विकासमा अवरोध ल्याउने भएकाले बाल श्रमलाई अस्वीकार गरौं भनिएको हो । सामाजिक पृष्ठभूमि हेर्ने हो भने बालबालिका विरूद्ध भेदभाव, हेला, दुर्व्यवहार, हिंसा हुने गरेको पाइन्छ । छोरालाई विद्यालय पठाउने अनि छोरीलाई घाँसदाउरामा पठाउनेजस्ता उदाहरणहरू प्रशस्तै पाइन्छन् हाम्रो समाजमा ।

बाल श्रमले बालबालिकालाई अन्धकारमय अवस्थामा पुऱ्याउँछ । बालापनमै श्रमिक जीवनयापन गर्नुपर्ने अवस्थाले बालबालिकाको भविष्यमा सामाजिक सम्बन्ध विस्तार एवम् शैक्षिक जीवनमा अवरोध सृजना हुन्छ । फल स्वरूप भविष्यमा उनीहरू शारीरिक श्रम गर्न बाध्य हुन्छन् । बाल श्रम नियमित तथा निषेधित गर्ने ऐन २०५६ अनुसार बालबालिकालाई कुनै पनि प्रकारका श्रममा संलग्न गराउन पाइँदैन । त्यस अर्थमा पनि बाल श्रमको प्रयोग कानुनी रूपमा अपराध हो । शिक्षा, स्वास्थ्य, मनोरञ्जन प्राप्त गर्नुपर्ने बेलामा श्रममा संलग्न हुनुपर्ने बाध्यता बालबालिकाका लागि दुर्भाग्यपूर्ण छ ।

ग्रामीण क्षेत्रमा रहेका परिवारमा पुरूषहरूले बिलासिताको जीवन बिताउनु, महिला र बालबालिकालाई घर तथा कृषिको काम गर्न बाध्य पार्नु, सहरमा उपलब्ध श्रममध्ये घरेलु श्रम, होटल मजदुरी जस्ता श्रम क्षेत्रलाई सस्तो श्रमको रूपमा सोच्नु जस्ता कारणले बाल श्रमको वृद्धि भइरहेको छ । यो हामी सबै बालबालिकाका लागि विष दिनु सरह हो । यसले हाम्रो जीवन अन्धकारमय हुन्छ । यस्तो अवस्थामा हामी न त सरकारी सेवा गर्ने अवसर नै प्राप्त गर्न सक्छौं, न त कुनै सम्मानित जीवन यापन गर्न सक्ने अवस्थामा नै पुग्न सक्छौं । तसर्थ बाल श्रमलाई आजैदेखि अस्वीकार गरौं ।

*रामकुमार, कक्षा ८*





# दयाको फल



उहिल्यै मानपुर गाउँमा एउटा गरिब माग्ने बस्थ्यो । ऊ टाढाटाढा सम्मका गाउँमा मागेर जीविका चलाउँथ्यो । एकदिन ऊ आफूले मागेको एक मुठ्ठी मकै झोलामा हालेर घर फर्कदै थियो । उसले त्यहाँको बाटै छेकेर अर्को भिखारी पनि कराइकराइ भिख मागिरहेको देख्यो ।

वास्तवमा ती व्यक्ति भिखारी नभएर गरिब माग्नेलाई सहयोग गर्न आएका भगवान् थिए ।

माग्नेले भिखारीसँग भन्यो, "म पनि माग्ने नै हुँ, जोगीको घरमा सन्यासी पाहुना आए के पाइन्छ र ?" तर भिखारीले झन् रोइकराई गरेर भन्न थाल्यो, "हजुर, पाँच दिनदेखि केही खाएको छैन । त्यो झोलामा भएको अन्न मलाई पनि दिनुहोस् न !" यसरी निकै बिन्ती गरेपछि माग्नेले आफ्नो झोलाभित्र बिस्तारै हात हाल्यो र जतनसाथ एउटा मकैको गेडो निकालेर दियो । एउटा गेडो भिखारीलाई दिनुपरेकाले घर नपुगुन्जेलसम्म उसलाई चिन्ता भइरह्यो । घर पुगेर उसले श्रीमतीलाई बोलायो, "ए बुढी ! सुनिस्, खोइ एउटा थाल लिएर आइज त ।" उसकी श्रीमतीले थाल ल्याएर राखिदिई । झोलाबाट थालमा मकैका गेडा खन्याउदै गर्दा उसले एउटा सुनको चम्किलो मकै देख्यो र छक्क पऱ्यो ।

ऊ एकाएक करायो, "हे भगवान् ! मैले कति ठुलो भुल गरेछु, किन मैले सबै मकै भिखारीलाई दिइनँ ?"

त्यो सुनको गेडो भिखारीलाई गरेको दयाको फल हो भन्ने कुरो उसले बुझिसकेको थियो ।

*सङ्कलन : सुस्मिता ढकाल, कक्षा १०, श्री बालुवा उमावि*

# हामी बाल श्रमिक

फूलहरू कोपिलामै ओइलिएर झरेपछि
विवश छौं हामी सबै बाल शोषण बढेपछि
उद्धार गर हामीलाई दुःखमा परेका छौं
सडक, पेटी, होटलमा बसी जसोतसो बाँचेका छौं ।

भेडा बाख्रा चराउनु छ जानुपर्छ गोठमा
भोकप्यासले गर्दा यहाँ हाँसो छैन ओठमा
गाडा ठेल्दै गलैचा बुन्दै उठ्यो हातमा ठेला
खातेहरू आए भन्दै गर्छन् हामीलाई हेला ।

महिला हामी अनाथ छौं सडक पेटीमा बस्नुपर्छ
दानवीपनका मानिसले हिंसा जनक कार्य गर्छ
हाम्रो पनि मन नै हो आँखा रसाउँछ यहाँ
हाम्रो अधिकार जहाँ निसास्सिएको छ यहाँ ।

मालिकको छोरो स्कुल जान्छ झोला बोक्नु पर्छ मैले
सरसफाइ र लुगा धुने काम पनि गर्नुपर्छ मैले
यसरी नै थकित हुन्छु फुर्सद कहिलै पाँउदिन
भो अब छोड्छु म त वेदनालाई गाउँदिन ।

श्रम शोषण हैन हामीलाई देशको माली बन्न देऊ
सक्छौं हामी केही गर्न, साथ अब हामीलाई देऊ
देशकै माटो टीका राखी देशकै सेवा गरौंला
यहि देशमा पसिना बगाई यही देशमा मरौंला ।

आँट हाम्रो अझै पनि सगरमाथा छुने
गौरवशाली बनीकन तेन्जिङ, पासाङ्झै हुने
अबदेखि सबैले बाल श्रमलाई अन्त्य गरौं
शोषण मुक्त देश बनाई विकासका किरण छरौं ।

*जिना तामाङ, कक्षा १०*
*महादेवटार-१ काभ्रे*

# बालसहभागिता

## बालसहभागिता भनेको के हो ?

बालसहभागिता भनेको बालबालिकाको जीवनसँग सरोकार राख्ने किसिमका काम गर्दाकुनै पनि निर्णय लिने बेलामा बालबालिकाले आफ्ना विचार व्यक्त गर्ने मौका पाउनु तथा अर्थपूर्ण र सक्रिय संलग्नता हुनु हो । बालसहभागिता बालबालिकाको अधिकार हो । बालसहभागिता एउटा निरन्तर चलिरहने प्रक्रिया हो । समग्रमा बालबालिकाले विचार व्यक्त गर्न पाउनु, व्यक्त गरेको विचारको कदर हुनु, त्यसमा छलफल हुनु, सोअनुसार निर्णय प्रक्रियामा सहभागी हुन पाउनु, भएका निर्णयहरू कार्यान्वयन गर्ने कुरामा उनीहरूले भाग लिन पाउनु, कार्यान्वयनबाट भएका फाइदा वा बेफाइदामा पनि सुसूचित हुने तथा संलग्न हुन पाउनु नै बालसहभागिता हो । बालबालिकाको उच्चतम हितका लागि हुने पारिवारिक, सामाजिक तथा अन्य विकासका क्रियाकलापहरू, जसले उनीहरूको जीवनमा असर पार्छ, ती सबैमा उनीहरूको उमेर, क्षमता, रुचि वा इच्छा र परिवेशअनुसार भाग लिने वा आफ्ना विचारहरू (सकारात्मक) व्यक्त गर्ने प्रक्रिया नै बालसहभागिता हो । बालअधिकार महासन्धिका धारा २, ५, १२, १३, १४, १५, १७, २३, २९, र ३१ ले बालबालिकाको सहभागिताको अधिकारमाथि जोड दिएका छन् ।




## बालसहभागिता किन ?

(१) बालसहभागिता बालबालिकाको अधिकार हो :

मनमा लागेका कुरा व्यक्त गर्न पाउने, स्वतन्त्रतापूर्वक आफ्ना विचार राख्न पाउने, सूचना प्राप्त गर्ने, संगठित हुन पाउने उनीहरूको नैसर्गिक अधिकार हो । अन्य बालबालिकाको अतिरिक्त घरेलु बालश्रमिकहरूको पनि सहभागिताको समान अधिकार छ ।

(२) सहभागिताको अधिकारले अन्य अधिकारको संरक्षण गर्न मद्दत मिल्छ :

बालबालिकाहरू आफूले नै सबैभन्दा पहिले आफ्नो सुरक्षा गर्न सक्छन् । बालबालिकाले मनमा लागेका कुराहरू भन्न पाए, संगठित हुन पाएको खण्डमा नै उनीहरूमाथि हुने सबै किसिमका शोषण तथा दुर्व्यवहारबाट आफूलाई संरक्षण गर्न सक्छन् र बाँच्न पाउने, दीर्घ जीवनका अधिकारहरू उपभोग गर्न सक्छन् । घरेलु बालश्रम तथा अन्य प्रकारका बालश्रममा संलग्न भएका बालबालिका आत्मबलको दृष्टिले हेर्दा समाजका सबैभन्दा कमजोर बनाइएका सदस्य हुन् । उनीहरूको अधिकारको पक्षमा चलाइने अभियानमा घरेलु बालश्रमिकलगायत अन्य बालबालिकाको सहभागिताले दीर्घजीवन विकास सहभागिता संरक्षण ठूलो मद्दत पुग्दछ । बालश्रमिकहरू र काममा संलग्न नहुने अन्य बालबालिकाहरू एक अर्काको समस्या बुझ्न सक्दछन् । यसैले निकृष्ट प्रकारको घरेलु बालश्रममा संलग्न बालबालिकाहरूको अधिकारको संरक्षणमा सहयोग गर्न सक्दछन् ।

(३) प्रजातन्त्र र सभ्य समाजको सिर्जनामा योगदान दिन सक्छन् :

बालबालिका समाजका सक्रिय तथा जिउँदा जाग्दा सदस्य भएकोले सहभागिताको कारणबाट उनीहरूले समाजलाई राम्ररी बुझ्न सक्छन् । सक्रिय नागरिकको रूपमा आफूलाई रूपान्तरित गर्न सक्छन् । बाल्यावस्थादेखि नै प्रजातान्त्रिक अभ्यासमा लाग्ने हुनाले समाजलाई ठीक दिशातिर डोऱ्याउन सक्छन् ।

## बालसहभागिता के होइन ?

- ▷ बालबालिकालाई यो गर र यो भन भनेर अह्राउने
- ▷ वयस्कहरू बालबालिकासँग सिक्नका लागि उदासिन भएमा
- ▷ वयस्कहरूको अनुभव र सीपको अवमूल्यन भएमा
- ▷ वयस्कहरूको काममा बालबालिकालाई प्रयोग गरेमा
- ▷ वयस्कहरूको कुनै अधिकार नहुने स्थिति र बालबालिकाको कुनै कर्तव्य नहुने स्थिति भएमा
- ▷ बालबालिकालाई सबै शक्ति सुम्पिएमा
- ▷ यथास्थितिकै पछि लागेमा
- ▷ बालसहभागिता के हो ?
- ▷ बालबालिकाको ज्ञान र विचारको महत्वलाई मान्यता दिएमा
- ▷ बालबालिकासँग अनु भव र सीप आदान प्रदान गरिएमा
- ▷ बालबालिकाबाट सिक्नुपर्छ भन्ने भावना भएमा
- ▷ बालबालिकालाई निर्ण य लिन र उत्तरदायित्व लिनका लागि सजिलो उपाय पत्ता लगाएमा
- ▷ बालबालिका र वयस्कहरूलाई उनीहरूको अधिकार र उत्तरदायित्वको बारेमा बु झाउन सहयोग गरेमा
- ▷ बालबालिकालाई आवश्यकताअनुसार शक्ति हस्तान्तरण गरिएमा
- ▷ बालअधिकारप्रति सम्मान गरेमा ।



# आफ्नो घर नै प्यारो

पढ्न जाऊँ भनेको कुरै सुनेनन्
जीऊ दुख्यो गोडा दुख्यो हेर्दै हेरेनन्
भीर पाखा पहरा र छहराको गाउँ
उतै जान्छु भन्दा पनि सुन्दै सुनेनन्

दाजु भाइ दिदी बहिनी गाउँमै बसेका
भाइलाई पनि बोलाइ देउ भन्दै गरेका
आकाशको छानो अनि बादलुको शिरक
जस्तो भए पनि प्यारो गाउँ नै भनेका

साथीहरू स्कुल जालान् हातेमालो गर्दै
म पनि त जान्थेँ होला गाउँ मै पानी भर्दै
पाखो बारी गैह्री खेतले बोलाएको जस्तो
जाउँ जाउँ लाग्न थाल्यो अलि अलि सर्दै

श्रम गर्दै दिन बिताउन कति धेरै गाह्रो
जूठो थाल भाँडा माझ्न झनै धेरै साह्रो
सुनाखरी लालुपाते गुराँसको गाउँ
जस्तो भएपनि मेरो आफ्नो घर नै प्यारो

*किरण भाइ, कक्षा ८*

# बाल श्रम

कहाँबाट सुरु गरूँ बाल श्रमको यो कहानी
अत्याचार र दुरूपयोग भएकै छ जहाँ पनि
देश विकासको आधार भनी कति भाषण बने हेर
धेरै बालक रून्छन् हेर बग्दै आँसु गए खेर ।

घर भित्र बाल श्रम गर्न पाइँदैन भनिँदै छ
कलिला ती बालकलाई श्रमिकमा गनिँदै छ
कहिँ बन्छन् भाँडा माझ्ने कतै खन्ने खानी
फेरि पनि बाल श्रम गर्छन् कानुन जानीजानी ।

देशका रक्षक बन्छन् भोलि, शिक्षाको बिउ सबले छरौं
घरैबाट निकृष्ट बाल श्रमलाई अस्वीकार गरौं
घर आँगन इट्टाभट्टा अनि सडकमा पनि
लगाउँछन् काममा हजुर ठुलाबडा धनी ।

विकासको मूल धारमा सबै मानिस आउनुपर्‍यो
बालकले घृणा हैन हक अधिकार पाउनुपर्‍यो
शोषक तत्व सबैलाई निराकरण गर्नपर्छ
बाल श्रम गराउनेलाई कडा सजाय दिनुपर्छ ।

बालकले जिम्मेवारी बोक्ने बेला हैन अहिले
बाल श्रमका विरूद्धमा उचित कानुन बन्छ कहिले
भाँडा माझ्ने हातले अब कलम समाउन पाउनुपर्छ
बाल श्रमका विरूद्धमा कडा कानुन ल्याउनुपर्छ ।

चेतना र ज्ञानका कुरा सबको मनमा भरौं
घरेलु बाल श्रमलाई अस्वीकार गरौं
बालबालिका देशका इज्जत, यिनलाई बाँच्न दिनुपर्छ
घरेलु काममा युवा प्रयोग गर्नपर्छ ।

बालबालिका हितका लागि जनचेतना जगाई
बाल श्रम अन्त्य गर्न अनुरोध छ सबैलाई
प्रण गरौं सबैसामु हामी पनि यहीँ
बाल श्रमलाई अन्त्य गरौं सबै एकजुट भई ।

*पुष्पा सापकोटा, कक्षा १०, श्री महाँकाल माध्यमिक विद्यालय, देवभूमि, बालुवा-८ बेला*

## के तपाईंलाई यी शब्दहरुको अर्थ थाहा छ ?

**श्रम** : जीवनयापनको लागि नगद वा जिन्सी लिएर गरिने काम

**श्रमनीति** : श्रमअनुसार सुविधा उपलब्ध गराउने नीति

**श्रमसंगठन**: श्रमिकको हक हितका लागि बनेको संगठन

**श्रमशोषण**: पाउनुपर्ने ज्याला नदिई श्रमको प्रयोग गर्ने काम

**श्रममूल्य** : उत्पादनको मूल्य श्रमअनुसार तोकिनु पर्दछ भन्ने सिद्धान्त

**दुर्व्यवहार**: समाजले खराब मानेको, नराम्रो व्यवहार

**दुर्व्यसन** : आफूलाई हानि हुने आनीबानी, कुलत





तेर्सो

१) छोरा र छोरी बिच हुने असमान व्यवहार - ४
३) वकीलले गर्ने काम - ४
५) नेपालको एक प्रसिद्ध मन्दिर - ५
८) सोचमा डुब्नु - ३
९) एक जाति - २
१०) हालखबरलाई यसो पनि भन्ने गरिन्छ - ४
११) सबैले चिन्ने, विशेष व्यक्तित्व - ३
१२) एक प्रमुख नदी - ३
१४) यहाँ जानकी मन्दिर छ - ५

ठाडो

१) एक अञ्चल - २
२) आगलागी हुँदा प्रयोग हुने यन्त्र - ४
४) लथालिङ्ग, भताभुङ्ग हुनु - ६
६) तिहारमा यसको माला लगाइन्छ - ४
७) यो अञ्चलमा कञ्चनपुर जिल्ला पर्दछ - ४
८) भारतको सबैभन्दा ठूलो शहर - ४
१३) हातमा हात मिलाउनु, सँगै गर्नु - ४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | | ३ | | | ४ |
| | ५ | | | ६ | | |
| ७ | ८ | | | ९ | | |
| १० | | | | ११ | १३ | |
| | १२ | | | | | |
| | | ■ | ■ | ■ | | |
| १४ | | | | | | |

नाम : ..........
ठेगाना : ..........
विद्यालय : ..........
कक्षा : ..........
बालक्लब : ..........

*बालबालिकाहरूले माथिको कोठेपद सफा र बुझिने अक्षरमा भरी आगामी भाद्र मसान्तभित्रमा सिविस कार्यालयमा आइपुग्ने गरी पठाउनु पर्नेछ । विजयी हुने सहभागीलाई पुरस्कृत गरिनेछ ।*

### कोठेपद नं. २४ को नतिजा

अंक २४ को कोठेपद प्रतियोगितामा प्राप्त सही उत्तरहरूमध्ये गोलाप्रथाद्वारा विजयी रोनिता तामाङ्ग, श्री डोलेश्वर नि.मा.वि.लाई हाम्रो आँगन परिवार हार्दिक बधाई व्यक्त गर्दछ । विजयी साथीले आफ्नो परिचय पत्र सहित सिविस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गर्दछौं ।

कोठेपद नं. २४को सहि उत्तरहरू

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ इ | २ ति | हा | ३ स | ह | यो | ४ ग |
| ला | ५ हा | ६ त | र | बा | र | म |
| म | र | ■ | ७ का | म | ना | ८ ला |
| ९ ब | दा | म | १० र | ग | त | वा |
| द | ११ मा | १२ द | बा | १३ ब | न्द | ल |
| मा | नि | ही | ही | ल | ■ | स्क |
| स | १४ स | ह | भा | गि | ता | र |